'ड्रिम्स' अफर हुँदा आत्मविश्वास थिएन, अब ... पृष्ठ ४ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २३३ • २०८० साल माघ ६ गते शनिबार (20 January, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### संघर्ष अझै बाँकी : अध्यक्ष यादव

# 'एक मधेश स्वायत प्रदेशको माग त्यागेका छैनौं'




**अनिल तिवारी**

वीरगञ्ज । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले अधिकार र पहिचानका लागि अझै संघर्ष गर्न बाँकी रहेको बताए ।

गृह सञ्चार तथा कानुन मन्त्रालयको आयोजनामा वीरगञ्जको नगर सभागृहमा आयोजित बलिदानी दिवसलाई सम्वोधन गर्दै अध्यक्ष यादवले मधेशमा सबैभन्दा बढी अशिक्षा, गरिबी, बेरोजगारी रहेको बताउँदै उनले मधेशी जनताले सबैभन्दा बढी अपमानित जीवन बिताइरहेको बताए । त्यही न्यायका लागि जनविद्रोह भएको बताउँदै उनले अन्तरिम संविधान संशोधन गरेर स्वायत्त मधेश प्रदेशसहित मधेश प्रदेश हुने भनिए पनि षड्यन्त्रपूर्वक आठ जिल्लामा सीमित गरेको बताए ।

मधेशीलाई कमजोर बनाउन मधेशलाई चारपाँच टुक्रामा विभाजन गरेको यादवको आरोप थियो । तत्कालका लागि आठ जिल्लालाई मधेश प्रदेश बनाउने र पछि बाँकीका लागि लड्ने नीति अनुसार आफू अघि बढेको उनको भनाइ छ ।

समावेशी, समानुपातिक, आरक्षण मधेश आन्दोलनका कारण प्राप्त भएको बताउँदै उनले संघीय प्रणालीकै कारण मधेश प्रदेश बनेको चर्चा गरे । संघीयताको महत्त्व दिन प्रतिदिन बढ्दै गएको बताउँदै उनले मधेशीमाथि भएको विभेद, सामाजिक अन्याय अझै कायम रहेको जिकिर गरे ।

यो संविधान त्रुटिपूर्ण रहेको बताउँदै अध्यक्ष यादवले यसलाई संशोधन गर्नुपर्ने आवश्यकता औंल्याए ।

अध्यक्ष यादवले मधेशलाई ४/५ टुक्रा पारेको भन्दै आक्रोश पनि पोखेका थिए । 'मधेश आन्दोलन मात्र ८ जिल्लालाई मधेश प्रदेश बनाउन भएको थिएन । आन्दोलनको लक्ष्य समग्र मधेश एक स्वायत प्रदेश थियो' यादवले भने 'तर जब पुनःरसंचना आयोग बन्यो, टुक्राटुक्रा बनाइयो ।' पश्चिमका थारुले प्रदेश मागेपछि दुई प्रदेश स्वीकार गरेको भए पनि राज्यले षडयन्त्रपूर्वक ४/५ टुक्रा बनाएको उनले बताए ।

आठ जिल्लालाई मधेश प्रदेश बनाएको भन्दै उनले अघि भने, 'हाम्रो लक्ष्य मेचीदेखि नारायणी, नारायणीदेखि महाकालीसम्मका मधेशीलाई मुक्ति दिलाउनु हो । त्यो त्यागेका छैनौं, त्याग्ने पनि छैनौं ।'

देशमा भएका अन्य आन्दोलनहरु केवल सत्ता प्राप्तिका लागि भएको बताउदै नेता यादवले मधेश आन्दोलन राज्य प्रणालीमा परिवर्तन र स-सम्मान हक अधिकारीका लागि भएको बताए । अध्यक्ष यादवले अब फेरि मधेशमा अर्को ठूलो संकट आउन लागेको छ, त्यो संकट भनेको चुरेको उत्खनन रहेको बताए । यो उत्खननले मधेश नै ध्वस्त हुने भएकोले चिन्ता व्यक्त गरे ।

उनले भने-'माफियाहरुको चलखेलमा चुरेबाट बालुवा गिट्टी उत्खनन गर्ने खेल भइरहेको छ, जसबाट मधेशमा पानीको मुहान अझ तल घटेर जान्छ । यो भनेको मधेशको हितमा होइन, उनले भने,'यो रोक्नका लागि सडकदेखि सदनसम्म संघर्षको जरुरी छ । त्यो संघर्षको तयारीमा बस्नुहोला ।'

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले घाइते र शहादत दिएका परिवारका लागि एउटा कार्ड जारी गर्ने सरकारको तयारी रहेको बताए । उनले मधेश सरकारबाट जारी हुने कार्डले प्रदेशभरिका अस्पतालमा निःशुल्क उपचार हुने व्यवस्था गरिने बताए । उनले भने-' मधेश प्रदेश सरकारले कसैलाई विभेद गरेको छैन, सबै शहीद परिवार र घाइतेहरुलाई जागिरको व्यवस्था गरिन्छ, अन्य सेवा सुविधा पनि दिइन्छ । त्यसका लागि प्रदेश सरकार आफ्नो गृहकार्य सुरु गरिसकेको छ ।'

प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री मोहम्मद समिमको अध्यक्षतामा भएको बलिदानी दिवस कार्यक्रममा संघीय सरकारका पूर्व वन तथा वातावरणमन्त्री प्रदीप यादव, प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत, अर्थमन्त्री सञ्जय यादव, खेलकुदमन्त्री सुरिता साह, उद्योग तथा पर्यटनमन्त्री सुनिता यादव, उर्जा सिँचाई तथा खानेपानीमन्त्री सिंहासन सा कलवार, वीरगञ्ज महानगरका मेयर राजेशमान सिंह, प्रदेशसभा सदस्यहरु जर्नादन सिंह क्षेत्री, श्याम पटेल, प्रमोद जयसवाल लगायतले पनि धारणा राखेका थिए ।

## शहीद परिवारलाई ३ लाख सहयोग

**टुडे समाचारदाता**



वीरगञ्ज । मधेश प्रदेश सरकारले शहीद परिवारलाई ३-३ लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराएको छ ।

बलिदानी दिवसको अवसरमा मधेशी शहीद प्रतिष्ठानले शुक्रबार वीरगञ्जमा गरेको कार्यक्रममा ६३ जना शहीद परिवारलाई ३-३ लाख रुपैयाँ आर्थिक सहायता प्रदान गरेको छ । १०५ जना घाइतेलाई अवस्था हेरेर १ देखि २ लाख रुपैयाँसम्म दिइएको गृह मन्त्री मोहम्मद समिमले जानकारी दिए ।

**के हो बलिदानी दिवस ?**

तत्कालीन मधेशी जनअधिकार फोरमले अन्तरिम संविधानको विरोध गर्दै माइतीघर मण्डलमा प्रतिलिपि जलाएका थिए । फोराका संयोजक उपेन्द्र यादव लगायतका नेताहरुलाई प्रहरीले पक्राउ गरेपछि सुरु भएको आन्दोलनका क्रममा ५ माघ २०६३ मा सिरहाको लहानमा रमेश महतो मारिए ।

स्कुले विद्यार्थी महतो मारिएपछिमधेशभरआन्दोलन चर्कियो । सरकारले वार्ता गरेर सम्झौता गऱ्यो । त्यसैले माघ ५ गतेलाई मधेश केन्द्रित दलले बलिदानी दिवसको रुपमा मनाउँदै आएका छन् ।

संघीयतामा गएपछि मधेश प्रदेश सरकारको नेतृत्व जसपाले गर्दै आएको छ । सरकारले बलिदानी दिवसका दिन आन्दोलनमा मृत्यु भएकाहरुको परिवारलाई आर्थिक सहायता प्रदान गर्दै आएको छ ।

# 'अदालतले पनि मधेशलाई न्याय दिएन'

**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले अदालतले पनि आफूहरुलाई न्याय नदिएको टिप्पणी गरेका छन् । अध्यक्ष ठाकुरले सरकारले मधेशमाथि विभेद जारी राखेको जिकिर गर्दै अदालतले पनि न्याय नदिएको गुनासो गरेका छन् ।

'संविधानको पूर्णता तथा संघीयताको अभ्यास' विषयक विचार गोष्ठीमा बोल्दै उनले भाषाको सवाल, राष्ट्रिय पोशाकको सवालमा अदालतले पनि मधेशलाई साथ नदिएको बताए ।

उनले सबैभन्दा बढी जनसंख्या भएको मधेश प्रदेशमा कम बजेट दिने काम समेत भएको भन्दै मधेशमाथि भएको विभेदको बिरुद्ध फेरि संघर्ष चर्काउनुपर्ने बेला आएको बताए ।

'विभेद जारी छ । अदालतबाट पनि हामीले जुन न्याय पाउनुपर्ने हो । त्यहाँ पनि विभेदको सामना गर्नुपरेको छ । सबैभन्दा बढी जनसंख्या भएको मधेश प्रदेश हो । तर मधेश प्रदेशको बजेट सबैभन्दा कम छ ।








# हटलाइन सेवालाई थप प्रभावकारी बनाउने

टुडे समाचारदाता

काठमाण्डु। नेपाल विद्युत् प्राधिकरणले उपलब्ध गराएको सेवाबारे तपाईँसँग केही गुनासो छ ? तपाईँको आफ्नो क्षेत्रमा बिनासूचना बिजुली काटियो वा पोलमा कुनै समस्या आयो ? प्राधिकरणका कर्मचारीले अनावश्यक दुःख दिए वा बिजुलीको मिटर लिन कुनै समस्या छ भने तपाईँले पैसा नलाग्ने नम्बर ११५१ मा फोन गरेर आफ्नो गुनासो टिपाउन सक्नुहुन्छ।

सेवाग्राहीका यस्तै वा अन्य कुनै पनि प्रकारका समस्या, गुनासो भएमा सो हटलाइनमा फोन गरेर टिपाउन सक्नेछन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा यसअघि नै स्थापित सो हटलाइन सेवालाई थप प्रभावकारी र व्यवस्थित बनाउन लागिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले शुक्रबार हटलाइन सेवामा संलग्न मन्त्रालय र प्राधिकरणका कर्मचारीसँग छलफल गरी सेवालाई थप प्रभावकारी बनाउन निर्देशन दिएका हुन् ।




नागरिकले प्रत्यक्षरूपमा गुनासो गर्न सक्ने सो सेवालाई प्रभावकारी बनाउन के-कस्ता उपाय अवलम्बन गर्नुपर्छ त्यसका लागि मन्त्रालयले आवश्यक प्रबन्ध गर्ने मन्त्री बस्नेतको भनाइ थियो।

सरकारी निकायले सकेसम्म सेवाग्राहीको गुनासो नआउने गरी काम गर्नुपर्नेमा जोड दिँदै उनले समस्या आए गुनासो गर्ने निकायका रूपमा रहेको प्रणालीलाई झनै व्यवस्थित बनाउनुपर्ने बताए । नागरिकले प्रत्यक्ष भोगेका र अनुभव गरेका गुनासो सुन्नेमात्रै नभई त्यसको समाधानका लागि हटलाइन सेवामा कार्यरत कर्मचारीले विशेष ध्यान दिनुपर्ने मन्त्री बस्नेतको भनाइ छ। "गुनासो आउनेबित्तिकै सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुस् । समस्या समाधानका लागि जनशक्ति परिचालनको प्रबन्ध गराउन पहल गर्नुस् । नागरिकले प्रत्यक्षरूपमा सेवा सहज तवरले पाउनुपर्छ। कुनै पनि बहाना गर्न पाइँदैन र मिल्दैन", ऊर्जामन्त्री बस्नेतले भने।

उनले गुनासो टिपाउनका लागि सहजरूपमा प्राधिकरणका सबै कार्यालय, वितरण केन्द्रमा सूचना पाटी राख्न, यसअघि राखिएको भए त्यसलाई व्यवस्थित गर्नसमेत निर्देशन दिए । "कतिपयले त गुनासो गर्ने माध्यम थाहा नपाएर पनि बसेका हुन्छन्, त्यस्तालाई सहज तवरले गुनासो गर्ने वातावरण बनाउनुपर्छ", मन्त्री बस्नेतले भने। उनले जिल्लामा रहेका एफएम रेडियो वा अन्य सञ्चारमाध्यमबाट पनि प्रचार-प्रसार गरी सो सेवाका बारेमा जानकारी गराउन आवश्यक व्यवस्था मिलाइने बताए।

सरकारले पैसा नलाग्ने नम्बर यसअघि नै सञ्चालनमा ल्याएको थियो । सो हटलाइनमा दैनिक औसतमा चार दर्जन हाराहारीमा गुनासो आउने गरेको छ । गुनासो आउनेबित्तिकै सम्बन्धित कार्यालय र वितरण केन्द्रका प्रमुखलाई फोन गरेर समस्या समाधानका लागि आग्रह गर्ने गरिएको हटलाइन सेवाका प्रमुख रामकृष्ण पौडेलले जानकारी दिए।

समस्या समाधान भएको सम्बन्धित व्यक्तिलाई समेत फोन गरेर जानकारी दिने गरिएको उनले बताए । विशेषगरी लाइन काटिएको, भोल्टेज कम आएकोजस्ता गुनासो बढी आउने गरेको उनको भनाइ छ । हटलाइन सेवा हाल तीनवटै सत्रमा सञ्चालनमा छ । त्यसलाई थप व्यवस्थित बनाउन मन्त्रालयका तर्फबाट प्राधिकरणलाई आवश्यक निर्देशन दिइने मन्त्री बस्नेतले बताए।

हरेकजसो वितरण केन्द्रमा ठूला-ठूला अक्षरमा 'फ्लेक्स बोर्ड' राखिने छ। मन्त्रालय र प्राधिकरणसँग जोडिएका कुनै पनि समस्या वा गुनासो सुन्ने र समाधानका लागि आवश्यक व्यवस्था मिलाइने मन्त्री बस्नेतको भनाइ छ। हटलाइन सेवामा कार्यरत कर्मचारीले हरेक दिन आएको गुनासो लिपिबद्ध गरी मन्त्रालय र प्राधिकरणलाई समेत उपलब्ध गराउने गरेका छन्।

सेवालाई थप चुस्तदुरुस्त बनाउने अन्य उपाय के हुनसक्छ ? सामाजिक सञ्जाल वा अन्य माध्यममा समेत सहजरूपमा गुनासो राख्ने उपाय के हुनसक्छ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सञ्चालनमा रहेको हेलो सरकारसँग के कसरी मिलेर काम गर्न सकिन्छ भन्नेलगायतका विषयमा समेत मन्त्रालयले आवश्यक सहजीकरण गर्ने भएको छ।

मन्त्री बस्नेतले आएका गुनासोलाई आफ्नै समस्या सम्झेर समाधान गर्न, सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनुसमेत जरुरी रहेको बताएका थिए। तत्कालीन ऊर्जामन्त्री महेन्द्रबहादुर शाहीको कार्यकालमा सो सेवा प्रारम्भ गरिएको थियो।

# गाउँपालिकाका अध्यक्षमाथि सांघातिक आक्रमण, छानविन गर्न माग

टुडे समाचारदाता



जनकपुरधाम । मुखियापट्टी मुसहरनीया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवमाथि सांघातिक आक्रमण भएको छ।

शुक्रबार प्रादेशिक अस्पताल जनकपुरमा उपचाररत स्थानीयको स्वास्थ्य अवस्था बुझेर जनकपुरधाम- ७ स्थित निजी निवासमा फर्किने क्रममा तप्सी चोकमा १०४७ नम्बरको सेतो स्कार्पियोमा आएका करिब ७-८ जनाको अज्ञात समूहले सांघातिक आक्रमण गरी घाइते बनाएको भन्दै मुखियापट्टी मुसहरनिया गाउँपालिकाले घोरभर्त्सना गर्दै छानविनको माग गरेको छ।

२४ घण्टाभित्रमा दोषीलाई पक्राउ गरी कारबाही प्रक्रिया अघि नबढाइएमा बाध्य भई स्थानीय प्रशासन विरुद्ध सशक्त आन्दोलन गर्ने चेतावनीसमेत दिएको छ।

त्यस्तै जनता समाजवादी पार्टी नेपाल धनुषाका सचिव बरुणकुमार यादवले २४ घण्टाभित्रमा दोषीलाई पक्राउ गरी आवश्यक कारवाही गर्न स्थानीय प्रशासनसंग माग गरेको छ।

उनले २४ घण्टाभित्रमा घटनाको छानविन गरी दोषीलाई कारवाही नगरेमा कडा आन्दोलन गर्ने जनाएको छ।

# 'साझा चुनौती सम्बोधन गर्न 'नाम'ले नेतृत्व लिनुपर्छ'



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले 'विज्ञान, प्रविधि र नवप्रर्वन'मा विकासशील र अल्पविकसित देशले सामना गरिरहेका व्यवधानलाई सम्बोधन गर्न 'नाम'ले उच्च प्राथमिकता दिनुपर्ने बताएका छन्। युगाण्डाको काम्पलामा आयोजित असंलग्न आन्दोलन (नाम)को १९औँ शिखर सम्मेलनलाई शुक्रबार सम्बोधन गर्दै उनले दिगो विकासका लक्ष्य हासिल तथा दक्षिणी विश्वको आर्थिक विकास र समृद्धिमा नामले जोड दिनुपर्ने बताए।

'नाम'ले संयुक्त राष्ट्रसङ्घको पुनःसंरचनामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ भन्दै उहाँले दिगो शान्ति र साझा समृद्धि सुनिश्चितताका लागि बहुपक्षीय संस्था समावेशी, पारदर्शी र लोकतान्त्रिक हुनुपर्ने बताए। विश्वले भोल्नुपरेका साझा र समसामयिक चुनौतीलाई सम्बोधन गर्न 'नाम'ले नेतृत्व लिनुपर्ने उनको भनाइ छ।

सन् १९५५ अफ्रो-एसियाली सम्मेलनबाट 'नाम'को बिजारोपण भएदेखि यसले लामो यात्रा तय गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यस आन्दोलनले विश्वका धेरै देशको राजनीतिक स्वतन्त्रता, उपनिवेशीकरण र सार्वभौमसत्ता प्राप्त गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए। "यस खालको गरिमा, गर्व, ऐक्यबद्धता र सहयोगका लागि आशापूर्ण अवस्था हो", उनले भने, "यद्यपि आन्दोलनले न्यायोचित, समतामूलक, समावेशी, शान्तिपूर्ण र समृद्ध विश्वका लागि सङ्घर्ष जारी राखे पनि आजको संसार अन्याय, असमानता, विभाजन, विभेद र बहिष्कारले भरिएको छ।"

कोरोना महामारीपछिको पुनःउत्थान सुस्त र असमान रहेको जनाउँदै उहाँले यसले गरिब र सबैभन्दा कमजोर वर्गमाथि प्रहार गरेको बताए। महामारीपछि बहुआयामिक सङ्कट निम्तिएको उनको भनाइ छ। "सभ्य जीवनको युगमा प्रवेश गर्न महत्वपूर्ण मानिएको दिगो विकासका लक्ष्यहरू हासिल गर्न असम्भव देखिएको छ", प्रधानमन्त्री दाहालले भने, "विशेष परिस्थितिमा रहेका देशलाई विकासका दृष्टिकोण र लक्ष्य प्राप्तिका लागि वित्तीय सुरक्षा गर्नका लागि विश्वको वित्तीय संरचना सुधार गर्नुपर्दछ।"

आर्थिकरूपमा कमजोर मुलुकलाई विकास न्याय प्रदान गर्न विकसित देशले ढिलाइ नगरी वित्तीय प्रतिबद्धता पूरा गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय व्यापार न्यायोचित, निष्पक्ष र समावेशी हुनुपर्ने बताए। "धेरै सहयात्री 'नाम'का सदस्य मुलुकले सामाजिक-आर्थिक र प्राविधिक विकासमा उल्लेखनीय प्रगति गरेकाले उत्तर-दक्षिण र त्रिपक्षीय सहकार्यका साथै दिगो विकासका लागि साधन र स्रोतको कमी न्यूनीकरण गर्न दक्षिण-दक्षिण सहयोगलाई अभिवृद्धि गर्नुपर्छ", उनले भने।

# अटोमेसन प्रणालीबाट पेसी तोक्दै उच्च अदालत

टुडे समाचारदाता

गलकोट । उच्च अदालत पोखरा बागलुङ इजलास प्रविधिमैत्री बन्दै गएको छ । आधुनिक प्रविधिका कारण फैसलामा हुने ढिलाइ अन्त्य हुनाका साथै नागरिकले तोकिएकै समयमा न्याय पाउन थालेका छन्।

अदालत प्रविधिमैत्री बन्दै गएपछि मुद्दा फछ्र्यौट दरसमेत बढ्दै जाँदा अदालतमा एक वर्ष नाघेका मुद्दा न्यून छन्। सेवाग्राहीलाई सहज सेवा दिनका लागि कम्प्युटरमा अटोमेसन प्रणालीमार्फत पेसी तोक्न थालिएको उक्त इजलासका मुख्यन्यायाधीश मदन पोखेलले बताए।

"वादीले एउटा समय माग्ने र प्रतिवादीले अर्को समय माग्ने हुँदा हामीलाई कुन समय दिने भन्ने हुन्थ्यो, अब कम्प्युटरले नै मुद्दाको पेसी तोक्नेछ, मुद्दाको सुनुवाइ नगर्दासम्म अर्को पेसी कम्प्युटरले तोक्दैन", उनले भने, "गत पुस १ गतेदेखि यस उच्च अदालतमा उक्त प्रणाली लागू भइसक्यो, जिल्ला अदालतमासमेत लागू गर्ने तयारी छ।" सर्वोच्च र सबै उच्च अदालतमा यो विधि लागू हुँदा सेवाग्राहीलाई सहज हुनाका साथै चाहेर पनि ढिला फैसला हुँदैन।

अदालतले टाइम कार्डको समेत व्यवस्था गरेको छ। मुद्दा दर्ता भएकै दिन मुद्दाको पेशी, आदेश र फैसला हुने समयको व्यवस्था गरेर सोहीअनुसार पेसी र तारेख दिने गरिएको उक्त अदालतका रजिष्टार मुकुन्द आचार्यले जानकारी दिए।

अदालतभित्रै टिभीको डिस्प्लेमार्फत पेसी र सूचना दिने व्यवस्था गरिएको छ। अदालतको वेबसाइट अद्यावधिक गर्ने, पक्षले पायकपर्ने अदालतबाट तारिख लिन पाउने, एसएमएसबाट मुद्दाको जानकारी पाउने, फैसला निःशुल्क पाउनेजस्ता सेवा दिन थालेका साथै सेवामा सुधार गरिएकाले मुद्दा फछ्र्यौटमा पनि प्रगति देखिएको हो। रजिष्ट्रार आचार्यका अनुसार चालु आर्थिक वर्षमा लक्ष्यभन्दा बढी एक सय ४५ प्रतिशत मुद्दा फछ्र्यौट भएको छ।

चालु आव सुरु हुनुअघि अघिल्लो वर्षका एक सय ६१ मुद्दाको जिम्मेवारी सरेर आएकामा चालु वर्ष तीन सय ८३ मुद्दा दर्ता भई पाँच सय ४४ मुद्दा पुगेकामा तीमध्ये हालसम्म दुई सय ३९ मुद्दा फछ्र्यौट भएको र एक सय २५ थान बाँकी रहेका छन्। यो संख्या लक्ष्यभन्दा एक सय ४५ प्रतिशत बढी हो।

मासिकरूपमा पनि फछ्र्यौटको संख्या राम्रो हुँदा तोकेभन्दा बढी मुद्दा फैसला भएको बताउँदै आचार्यले गत साउनमा २३ प्रतिशत मुद्द फछ्र्यौट गर्ने लक्ष राखिएकामा ३३ प्रतिशत मुद्दा फैसला गरिएको थियो भने भदौमा ३८, असोजमा ५३, कात्तिकमा १०, मङ्सिरमा ६१ तथा पुसमा ५६ प्रतिशत मुद्दा फछ्र्यौट भएका थिए।

अदालतले सोधपुछ र सहायता कक्ष राखेर अदालत आउने सेवाग्राहीलाई स्वयंसेवक र सहजकर्ताले नै सबै शाखामा पुऱ्याउने काम गर्नाका साथै सन्तुष्टी फारामसमेत भर्ने व्यवस्था मिलाएको छ।

# महायज्ञबाट ५८ लाख बढी रकम सङ्कलन




टुडे समाचारदाता

कास्की। पोखरा बजार क्षेत्रमा छाडा छाडिएका पशु चौपाया व्यवस्थापनका लागि पोखरा–१४ बाच्छेबुद्धामा गोकुल धाम (गौशाला) सञ्चालनमा ल्याइएको छ। सो गौशाला सञ्चालनमा दिगो स्रोत खोजी गर्ने उद्देश्यले गत पुस २६ देखि यही माघ ४ गतेसम्म आयोजना गरिएको महायज्ञबाट नगद र जिन्सी गरी रु ५८ लाख २२ हजार एक सय ८२ जम्मा भएको महायज्ञ आयोजक राष्ट्रिय परोपकार महासङ्घ नेपालले जनाएको छ।

सप्ताहव्यापी महायज्ञको ३५ हजार बढी दानदाता तथा भक्तजनले कथा श्रवण गरेका आयोजकले बताएको छ। महायज्ञबाट सङ्कलित रकम गौ सेवा तथा गौशाला व्यवस्थापनमा खर्च गरिने छ। हाल गौशालामा दुई सय बढी गाई संरक्षित छन्।

राष्ट्रिय परोपकार महासङ्घका केन्द्रीय अध्यक्ष एवं पुष्करिणी परोपकार गोकुलधामका परिकल्पनाकार भागवत आदिशास्त्रका वाचक युवा पण्डित कमलनयन गौतमले बोलीमा मात्र सीमित गौ सेवाको अभियानलाई व्यावहारिक बनाउने उद्देश्यले घचघच्याउनका लागि गोकुलधामको प्रारम्भ गरिएको बताए।

उनले गौ सेवाको अभियानलाई अभिप्रेरित गर्दै परोपकारी कर्मसँग मानवीय क्रियाकलापहरूलाई जोडन यो महत्वपूर्ण हुने विश्वाससमेत व्यक्त गरे। उनले भने, "यो समग्र रूपमा पोखराको अर्को एउटा नयाँ गन्तव्यस्थल बन्नेछ, यो केवल गोठमात्र होइन, नजरले हेर्यो भने त गोठ हुन्छ तर सूक्ष्म आँखा खोल्यो भने साँच्चिकै गौशाला हुन्छ। यो छाडा छोडिएका पशुलाई थुन्ने कान्जी हाउस होइन। कान्जी हाउस पहिला थियो, अब यो पवित्र गौशालामा परिणत भइसकेको छ, यहाँ गौ माताको रेखदेख र सुसार हुन्छ।"

गोबर र गौमूत्रको प्रशोधनको प्रक्रिया सुरु गरिएको र यसको उपयोगमार्फत दशौँ रोपनी बन्जर जमिनलाई अर्ग्यानिक उत्पादनको थलोका रूपमा विकास गरिएको उनले बताए।

आफूहरु गौशाला परिसरमा तीन सय ६५ प्रजातिका डालेघाँसका बिरुवा रोप्ने अभियानमा रहेको युवा पण्डित गौतमले जानकारी दिए। गो बंस र मानव सभ्यता एकै ठाउँमा रमाउन सक्ने प्राणी हुन् भन्ने कुरा जगतलाई स्मरण गराउनका लागि यो अभियानको थालनी गर्न लागिएको उनले बताए।

पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङले फोहरमैला र छाडा पशु चौपायाको व्यवस्थापन चुनौतीपूर्ण भइहेको बेला महानगरको सहयोग तथा राष्ट्रिय परोपकार महासङ्घको व्यवस्थापनमा गोकुलधाम सञ्चालन भएपछि पोखराको सहरी सौन्दर्यीकरण र सडक सुरक्षामा महत्वपूर्ण सहयोग पुगेको बताए।

गोकुलधाम (गौशाला) व्यवस्थापनका सन्दर्भमा पोखरा महानगरपालिकाको तर्फबाट आवश्यक सहयोग गरिने उनले बताए। गोकुलधामलाई पोखराको नयाँ पर्यटकीय गन्तव्य तथा अध्ययन अवलोकनको एक उत्कृष्ट एवं पवित्रस्थलका रूपमा विकास गर्नेतर्फ सहयोग गर्न महानगरपालिका प्रतिबद्ध रहेको उपप्रमुख गुरुङले बताए।

पोखरा महानगरपालिका–१४ का वडाअध्यक्ष बोधबहादुर कार्कीले धार्मिक रूपमा महत्व बोकेकी गौ माताको सेवाका लागि अब टाढाको तीर्थ जानु नपर्ने भन्दै त्यसका लागि गोकुलधाम नै काफी हुने बताए। गौशाला व्यवस्थापनमा पोखरा महानगरपालिकाले पूरा गर्नुपर्ने दायित्व देखिने बहन गर्न प्रतिबद्ध हुनुपर्ने उनले बताए। वर्षौंदेखि फोहर फ्याँकने स्थलका रूपमा परिचित पोखरा-१४ सुव्यवस्थित गौशाला सञ्चालनले पवित्रस्थलका रूपमा विकसित हुँदै गएको उनले बताए। अध्यक्ष कार्कीले वडा कार्यालयका तर्फबाट रु पाँच लाख र आफ्नो व्यक्तिगत तर्फबाट रु एक लाख १५ हजार दान सहयोग प्रदान गरे।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| वृष | : अवसर प्राप्त। |
| मिथुन | : वाद विवादबाट बच्नु। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन वृद्धि सञ्चय। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाइन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८४४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३४३४, ९८१५८१३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६१, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२०१६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४:०० बजे |
| रात्री आरती पुजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अफ्रिकी राष्ट्र युगान्डाको राजधानी काम्पालामा भएको असंलग्न राष्ट्रहरूको आन्दोलन (नाम) को १९ औं शिखर सम्मेलनलमा सहभागी राष्ट्रप्रमुख तथा प्रतिनिधिहरू । *तस्बिर : रासस*

# अनलाईन माध्यमबाट हुने महिला हिंसा सम्वन्धी छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । महिला राजनैतिक नेत्री लक्षीत अनलाईन हिंसा र गलत सूचना सम्वन्धी प्रतिवेदनमाथि जनकपुरधाममा छलफल भएको छ ।

शुक्रबार महिला शसक्तीकरण अभियानको आयोजनामा जनकपुरधाममा भएको छलफलमा अनलाईन माध्यमबाट राजनीतिसंग सम्वद्ध महिला नेतृहरुमाथि अभद्र टिप्पणीहरु हुदै आएको प्रति सम्वेदनशिल हुन वक्ताहरुले आग्रह गरेका छन् । कार्यक्रममा प्रियंका झाले अनलाईन माफर्त महिला नेतृहरुमाथि भइरहेको हिंसा र गलत सूचनाहरुमाथि विवरण प्रस्तुत गरेकी थिईन् । त्यसैगरि डिजिटल प्लेटफार्ममा सुरक्षीत हुने सम्वन्धि प्रस्तुती दिपक अधिकारीले दिएका थिए ।

कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टीकी नेतृ रानी शर्मा तिवारीले देश विदेशमा अनलाईनबाट हुने महिला हिंसा सम्वन्धी आफनो अनुभव साझा गरेकी थिईन् । उनले अहिलेको युगमा अनलाईन प्लेटफार्म प्रयोग गर्नु अपरिहार्य रहेकोले दुरुपयोग गर्नेहरुबाट सजग रहनुनै विकल्प रहेको बताईन् ।

अनलाईन राम्रो पनि र नराम्रो पनि भएकोले उनले भनिन,'महिला नेतृहरुका लागि अवेर रातीसम्म घुम्न समाजीक वन्देज रहेकोले अनलाईन माफर्त प्रचार प्रसार गरिनु उपयुक्त माध्यम रहेको छ,यसको दुरुपयोगबाट वच्नका लागि सरकारले नीति बनाउनका साथै आफु पनि सजग रहनुपर्छ ।'कार्यक्रममा महिला नेतृका साथै विभिन्न मिडियाका संचारकर्मीहरुको उपस्थिती रहेको थियो ।

# टिभिएसले ल्यायो 'तिमी, म र टिभिएस'योजना सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको लागि टिभिएसको आधिकारिक वितरक कम्पनीजगदम्बा मोटर्सले आफ्ना ग्राहकहरूका लागि 'तिमी, म र टिभिएस' योजना सार्वजनिक गरेको छ ।

यस योजना अन्तर्गत ग्राहकहरूले टिभिएस बाईक तथा स्कुटरको खरिदमा रु. ७००० सम्मको नगद छुट





पाउन सक्नेछन् साथै कम ईएमआइ सुविधा,मात्र रु. ३९९९ बाट सुरु हुने कम्पनीले जनाएको छ । यो योजना एनटोर्क, रेडर, अपाचे १६० २भी, अपाचे १६० ४ भी, अपाचे २०० ४ भी जस्ता टिभिएसका उत्पादनहरूमा लागू हुने कम्पनीले बताएको छ । कम्पनीका अनुसार यो योजना गण्डकी, धौलागिरि र बागमतीबाहेक अन्य स्थानहरूमा लागू हुने बताएको छ ।

यस योजना संगै कम्पनीले मात्र रु. ३९९९ बाट सुरु हुनेसबैभन्दा कम ईएमआइ सुविधा हाइलाइट गर्दैनेपालअधिराज्य भर लागु हुनेगरि'सेलिब्रेसन अफर'पनि सार्वजनिक गरेको छ ।

जगदम्बा मोटर्स प्रा लि नेपालमा टिभिएसका दूई पांग्रे सवारी साधनकालागि एक मात्र आधिकारिक वितरक हो । कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरहरुको बलियोराष्ट्रव्यापी वितरण सञ्जालका साथ टिभिएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मन मस्तिष्कमा उच्च स्थान जमाउन सफल छ । गुणस्तरीय उत्पादनहरु, बिक्रीपश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धतामार्फत उपभोक्तालाई दिइएको उच्चतम सन्तुष्टिका कारण आज टिभिएस नेपालको सर्वाधिक रुचाइएको टू-ह्विलर ब्राण्डकारुपमा स्थापित छ ।

# मेडिकल कलेज निर्माण क्षेत्रमा रुख काट्ने निर्णय

**टुडे समाचारदाता**

बर्दिबास । लामो पर्खाइपछि सरकारले बर्दिबास मेडिकल कलेजको पूर्वाधार निर्माणका लागि प्रस्तावित जग्गामा रुख काट्न दिने निर्णय गरको छ । सङ्घीय सरकारले प्रस्तावित क्षेत्रमा तोकिएका रुख काट्न दिने निर्णय बुधबार गरेपछि अब कलेज निर्माण हुने विश्वास बढेको छ ।

"अब कलेज निर्माण अघि बढ्नेमा विश्वास जागेको छ", जग्गा छनोट समितिका संयोजक एवं पूर्व नगरप्रमुख विदुरकुमार कार्कीले भने, "जग्गा प्राप्तिमा अड्चन नै रुख कटानको स्वीकृतिमा थियो । सरकारले त्यो निर्णय गरेपछि अब निर्माण कार्यले गति लिन्छ ।"

मन्त्रिपरिषद्ले कलेज निर्माणको प्रस्तावित बर्दिबास-४ माइस्थानको अटाबे खोल्सीदेखि पूर्व र भब्सीखोलादेखि पश्चिमको सामुदायिक वन क्षेत्रको ५४ दशमलव ५ सय ८४ हेक्टरमा रहेका एक हजार नौ सय ७६ रुख कटान गर्न स्वीकृति दिने निर्णय गरेपछि अब कलेजको पूर्वाधार निर्माणका लागि बाटो खुलेको छ ।

सरकारको पछिल्लो निर्णयले मुलुकको महत्वपूर्ण आयोजना अघि बढ्ने बाटो खुलेको स्थानीय बताउँछन् । "बर्दिबास मेडिकल कलेजको जग्गाप्राप्ति प्रकृया टुङ्गिएसँगै अब निर्माणको चरण प्रारम्भ हुने विश्वास जागेको छ", नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि चिरञ्जीवी हमालले भने, "यो सिङ्गो मधेशले गौरव गर्ने आयोजना हो ।"

सरकारले कलेजको पूर्वाधार निर्माणका लागि जग्गा प्राप्तितर्फ गरेको निर्णय सकारात्मक रहेको नेकपा एमालेका नगर अध्यक्ष काहारमान स्याङ्वाले बताए । "अब सरकारले पूर्वाधार निर्माणलाई गति देओस्", उनले भने ।

कलेज निर्माणको प्रस्तावित जग्गामा काटिने रुखका कारण पर्यावरणमा पर्नसक्ने नकारात्मक असर रोक्न बर्दिबास नगरपालिकाले दुई वर्ष पहिलेदेखि नै सघन वृक्षरोपण अभियान सञ्चालन गर्दै आएको छ । यसअवधिमा नगर क्षेत्रमा ३० हजार भन्दा बढी बिरुवा रोपिएका र ती हुर्कँदै गरेका नगरप्रमुख प्रह्लादकुमार क्षत्रीले जानकारी दिए ।

सरकारले एक हजार नौ सय ७६ रुख कटानको स्वीकृति दिए पनि बढीभन्दा बढी रुख बचाउनतिर लागिने मेडिकल कलेज, पूर्वाधार निर्माण आयोजना कार्यालयका निर्देशक देवीप्रसाद सुवेदीले बताए । "सरकार स्वीकृति दिएका सबै रुख नकाट्ने पक्षमा छौं", उनले भने, "करिब सात सयको संख्याका रुख कटान गरेर काम अघि बढाउन सकिन्छ ।"

वन क्षेत्रमा कलेज निर्माण रोक्न भन्दै सर्वोच्चमा विसं २०७८ मा परेको रिट अदालतले गत जेठ २९ गते खारेज गरेको थियो । अदालतले रिट खारेज गर्दै काटिनेभन्दा दोब्बर बढी संख्यामा बिरुवा रोपण गर्ने, पाँच वर्षसम्म तिनको संरक्षण गर्ने र रोपिएका बिरुवाको वन तथा वातावरण मन्त्रालयबाट नियमित अनुगमनको सुनिश्चितता गर्न निर्देश गरेको थियो ।

"सरकारको निर्णयानुसार काम अघि बढ्न निर्माण लागतको बजेट व्यवस्थापन आवश्यक छ", आयोजना प्रमुख सुवेदीले भने, "यसअघि अदालत र भर्खरै सरकारले खुलाएका सर्त पालना गर्दै काम बढाउन प्रतिबद्ध छौं ।" रुख कटानको स्वीकृतिसँगै जग्गा प्राप्तिको कुरा टुङ्गिएपछि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएपछि काम क्रमशः अघि बढ्ने उनले जानकारी दिए । अहिलेसम्म एक हजार श्ययाको अस्पतालसहित कलेजको पूर्वाधार निर्माण गर्न २८ अर्ब ५४ करोड बजेट चाहिने आयोजना प्रस्तावमा उल्लेख छ ।

> एक हजार शैय्याको आधुनिक प्रविधिको साधन सुविधायुक्त अस्पतालसहितको कलेजको पूर्वाधार निर्माणमा २८ अर्ब ५४ करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदनको हालसम्मको अध्ययनले देखाएको छ । हालसम्म यस आयोजनामा छ करोडभन्दा बढी खर्च भइसकेको आयोजना कार्यालयले जनाएको छ ।

सरकारको आर्थिक वर्ष २०७३/७४ को नीति तथा कार्यक्रममा समावेश भइ मुलुकका सातवटै प्रदेशमा एक/एक वटा मेडिकल कलेज स्थापना गर्ने अवधारणाअनुसार मधेश प्रदेशको बर्दिबास मेडिकल कलेज निर्माणले हुने भएको छ ।

जग्गा छनोट समितिको सिफारिसअनुसार जग्गा छनोट, जग्गाको विस्तृत सर्वेक्षणसहित कलेजको गुरुयोजना (मास्टरप्लान), निर्माणस्थलको माटो परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) सहितका प्राविधिक पक्षमा काम सम्पन्न भएर जग्गाको भोगाधिकार लिने कुरा अड्केको थियो । सरकारले रुख कटानको स्वीकृति दिने निर्णय गरेसँगै अब शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विस्तृत् परियोजना प्रतिवेदन स्वीकृत भएर बजेट व्यवस्थापन गरिएपछि पूर्वाधार निर्माणको कामले गति लिने निर्देशक सुवेदीको भनाइ थियो ।

विसं २०७५ फागुन ३ गतेको मन्त्रिपरिषद् बैठकले तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना सञ्चालन कार्यविधि, २०७५ र आयोजना कार्यालय सञ्चालनका लागि कर्मचारीको दरबन्दी अनुमोदन गरेका थिए ।

अहिले मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयमा आयोजना निर्देशक (उपसचिव शिक्षा सेवा) एक, शाखा अधिकृत (राप तृतीय शिक्षा सेवा) एक, इञ्जिनियर (सिभिल राप तृतीय) एक, लेखापाल एक, हलुका सवारी चालक एक, कार्यालय सहयोगी एक र पाले एक गरी सात जना जनशक्ति रहेका छन् ।

कलेजका लागि प्रारम्भमा एक सय एक हेक्टर क्षेत्रफलको वन क्षेत्र प्रस्ताव गरिए पनि पर्यावरणीय पक्षलाई आत्मसात् गरी विज्ञको सल्लाह अनुसार ५४ दशमलव ५ सय ८४ क्षेत्रफलमा झारिएको छ । भव्सी नदी पश्चिमी किनारमा आवागमनका लागि पक्की सडकसहितको तटबन्ध निर्माण गरी भूक्षय रोकिने, कम रुख काटिने गरी पूर्वाधार निर्माण गरिने, हरितपार्क बनाइने र मिथिला संस्कृति झल्कने सङ्ग्रहालयसहित जैविक विविधता संरक्षण गरिने आयोजना प्रस्तावनाको प्रतिबद्धता छ ।

मेडिकल कलेज बर्दिबासको मात्र नभएर मधेश प्रदेशकै राष्ट्रिय महत्वको आयोजना भएकाले यसमा देखिएका अड्चन हटाउँदै अघि बढ्नु पर्ने महोत्तरीका बुद्धिजीवी बताउँछन् ।

"कलेजका अड्चन क्रमशः सम्बोधन हुँदै गएका छन् । अब मुख्य कुरा बजेट व्यवस्थापनको देखिएको छ", स्थानीय एवं अधिवक्ता टीकाध्वज खड्काले भने, "अब केन्द्र, प्रदेश र स्थानीयतहका राजनीतिक नेतृत्वले दूरदर्शी सोचका साथ यो प्रस्ताव अघि बढाउन संयुक्त पहलकदमी लिनुपर्छ ।"

एक हजार शैय्याको आधुनिक प्रविधिको साधन सुविधायुक्त अस्पतालसहितको कलेजको पूर्वाधार निर्माणमा २८ अर्ब ५४ करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदनको हालसम्मको अध्ययनले देखाएको छ । हालसम्म यस आयोजनामा छ करोडभन्दा बढी खर्च भइसकेको आयोजना कार्यालयले जनाएको छ ।

# मधेस आन्दोलन र संघीयता

काठमाण्डु । मधेसमा मधेसीहरुका लागि मधेसी मूलका मानिसहरुले गरेको आन्दोलन मधेस आन्दोलन हो । अपवादका रुपमा केही पहाडी मूलका मानिसहरु पनि विभिन्न कारणले मधेस आन्दोलनको पक्षमा देखिएका थिए र छन् । तत्कालीन मधेसी जनअधिकार फोरम नेपालको आह्वानमा आममधेसीहरुले २०६३ माघमा गरेको आन्दोलनलाई पहिलो मधेस आन्दोलन भनेर चिनिन्छ । २०६३ माघ २ गतेबाट औपचारिक रुपमा सुरु भएको मधेस आन्दोलनमा माघ ५ गते लहानमा चलेको गोली लागि स्कूले विद्यार्थी रमेश महतोको मृत्यु भएपछि आन्दोलन चर्किएको थियो ।

रमेश महतोको हत्या हुँदा उनी वा उनको परिवार मधेस केन्द्रित दलमा आवद्ध थिएनन् । तर मधेसको हकहितको लागि भएको आन्दोलनमा विद्यालय नजिकै भएको बादविवाद हेर्न गएका महतोको गोली लागी घटनास्थलमै मृत्यु भएको थियो । महतोको मृत्युपछि आक्रोशित स्थानीयवासीले यातायातका साधनहरु, सरकारी कार्यालयहरु जलाउने काम गरेका थिए । तत्काल सुरक्षा निकायले आन्दोलनमा हस्तक्षेप नगरेको कारण अराजक स्थिति सिर्जना भएको थियो । उक्त आन्दोलनमा केही स्वार्थी तत्वहरु वा भारतबाट नेपाल आई बसेका नवनागरिकहरुले पहाडी मधेसीको नारा लगाएर सर्वसाधारण पहाडी समुदायप्रति लक्षित गरी हत्या, हिंसा, अपहरण, चन्दा असुलीजस्ता क्रियाकलापहरु समेत गरेका थिए ।

मधेस आन्दोलनको सकारात्मक र नकारात्मक दुबै पाटो थियो । आन्दोलन नेताको हातमा थिएन । नेतृत्वविहीन आन्दोलन थियो । बरु आन्दोलनले नयाँ नयाँ नेताहरु बनाउने काम गरेको थियो । माघ ५ गतेदेखि साँच्चीकै मधेस आन्दोलनले एउटा रुप लिए पनि लामो समयसम्म आन्दोलन चल्यो । पहिलो मधेस आन्दोलन मधेसी जनअधिकार फोरम नेपालको नाममा सञ्चालित थियो तर यसमा मधेसका राप्रपा, सद्भावना पार्टी र अन्य राजनीतिक पार्टीका मधेसीमूलका नेताहरु पनि सहभागी भएका थिए । बौद्धिक समाज, नागरिक समाज, सङ्घसंस्था, कर्मचारी, शिक्षक प्राध्यापक, किसान, मजदूर, विद्यार्थी, महिला, बालबालिका, मधेसी दलित, जनजाति सबैको सहभागिता रहेको थियो ।

मधेस आन्दोलनमा केही जिल्लाहरुमा पहाडी समुदायले पनि समर्थनमा जुलुश निकालेका थिए भने केही जिल्लामा पहाडी समुदायले मधेस आन्दोलनको प्रतिकार गरेका थिए । प्रतिकार भएका स्थानहरुमा दुबै पक्षमा झडप भई केही मानिसको मृत्यु भएको थियो । मधेस आन्दोलनले जातीय हिंसाको रुप पनि कुनैकुनै क्षेत्रमा लिएको थियो ।

यसअघि पनि मधेसमा मधेसीहरुको नाममा धेरैले आन्दोलन नगरेका होइनन् । संस्थागत रुपमा तराई कांग्रेसले २०१० सालबाट नै मधेसीको हक अधिकारको लागि आन्दोलनहरु गरेको थियो । तर तराईका नागरिकहरुले २०१५ सालको संसदीय निर्वाचनमा नराम्ररी हार्न बाध्य बनायो । तराई कांग्रेसको मियो नै पञ्चायतमा प्रवेश गरी मन्त्री भएपछि यसको सङ्गठन इतिहासमा मात्र कायम भयो । पछि परतन्त्र मधेसका लेखक रघुनाथ ठाकुरले प्राज्ञिक अनुसन्धान गरी मधेसीहरु माथि हुने विभेदको प्रचारप्रसार गरे । संगठन निर्माण गर्ने कोशिसहरु पनि गरेका थिए तर उनको सङ्गठन प्रभावकारी हुन सकेन ।

पञ्चायतकालमा मधेसीहरुले पञ्चायतविरुद्धका आन्दोलनमा एतिहासिक भूमिका निर्वाह गरेका थिए । जनकपुरमा राजामाथि बम हान्ने प्रयास गर्नेदेखि धनुषाको जदुकाहामा २०४६ सालको आन्दोलनमा शहीद हुने मधेसी परिवार हुन् या सप्तरीका गजेन्द्रनारायण सिंहको नेतृत्वको मधेसीको हक हीतको लागि खोलिएको तराई परिषद नै किन नहोस, सबैले मधेसीको हक आवाजको लागि संस्थागत प्रयासहरु गरेका थिए । पञ्चायत अवधिभर सरकार मधेसीप्रति अनुदार रहेको थियो ।

विसं २०४७ मा प्रजातन्त्र आएपछि नेपाल सद्भावना पार्टीको गठन सङ्घीयता र मधेस हकहितका कुराहरुलाई लिएर भएको थियो । यो पार्टीले आन्दोलनहरु गरिरहेको थियो । पार्टीमा नेतृत्वको टकरावले गर्दा फुट्ने र जुट्नेक्रम अहिले पनि जारी छ । यही सद्भावना पार्टी फुटेर राजेन्द्र महतो, सरिता गिरी, बद्रिनारायण मण्डल, विकास तिवारी, अनिल झालगायत धेरैले विभिन्न पार्टीको नाममा नेतृत्व गर्ने र अर्को पार्टीमा विलय हुने खेल खेल्न थाले कोही मन्त्री बन्नका लागि पार्टी फुटाउँथे भने कोही व्यक्तित्वको टकरावको कारणले । कसैले पनि जनहीतको लागि पार्टी फुटाएको बलियो आधार दिन सकेका छैनन् । मधेस आन्दोलनले नेपालमा सङ्घीयता ल्याउन खेलेको भूमिका महत्वपूर्ण छ । तर समयमै कानुनहरु नबन्दा सङ्घीयताको पूर्ण स्वाद चाख्ने अवसर मधेसले अझै पाएको छैन ।

माघ ५ गतेको आन्दोलनपछि चर्चामा आउनुभएका उपेन्द्र यादव वा उनले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम पछि पार्टीको रुपमा परिणत भयो । मधेस आन्दोलन भएको १७ वर्ष पूरा भएको छ । यसबीच मधेसी जनअधिकार फोरम पटकपटक फुटेर अहिले जनता समाजवादी पार्टीको रुपमा स्थापित छ । यस पार्टीमा पहिलेको जस्तो पहाडी विरोधी सोच छैन । पहिचानवादी, खस ब्राम्हणहरु समेत यस पार्टीमा समावेश भएका छन् ।

यसबीचमा मधेस केन्द्रित पार्टीहरु यति धेरै खुले कि उनीहरुको सैद्धान्तिक अडानमा खासै फरक नभए पनि आफ्नो पकडका लागि पार्टी खोलेको देखिन्छ । तर छुट्टै स्वाद लिएर डा. सीके राउतले खोलेको जनमत पार्टीको आधार मधेसलाई नै बनाइएको छ । रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीले तराईको थारु समुदायलाई केन्द्रविन्दुमा राखेर अन्य समुदायका मानिसहरुलाई पार्टीभित्र अवसर दिएको छ भने माओवादी हुँदै अहिले मधेसमा नयाँ पार्टी खोल्ने प्रभु साहले मधेसको नयाँ वर्गलाई आकर्षित गर्न खोजेको देखिन्छ ।

पहिलो संविधानसभाअघि मधेसमा पहिलो र दोस्रो आन्दोलन भए । त्यसपछि धेरै पटक संविधानमा आफ्नो माग सम्बोधन गराउन आन्दोलनहरु गरे । दोस्रो संविधानसभाले संविधान बनाउने बेलामा झन् ठूलो आन्दोलन भयो । सीमाक्षेत्रमा बसेर नाकाबन्दी गर्ने, राजमार्गमा बन्द आह्वान गर्ने काम भयो । लगातार छ महिनाको आन्दोलनले पनि कुनै उपलब्धि भएन । प्रमुख राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी) मिलेर संविधान पारित गराउँदा मधेस केन्द्रित दलहरु संविधान निर्माण प्रक्रियाबाट बाहिरिएका थिए । मधेस केन्द्रित दलहरुले पटकपटक संविधानमा संशोधन गर्नुपर्ने भन्दै विभिन्न मोर्चा बनाएर वा एक्लाएक्लै आन्दोलनहरु गरेका थिए ।

नेपाल जुन परिस्थितिबाट गुज्रिरहेको छ त्यसलाई विश्लेषण गर्ने हो भने समग्र नेपाललाई मधेस नभई हुँदैन । मधेसमा छिमेकी मुलुकका धेरै नागरिकको घुसपैठ भएर नागरिकता लिएर बसोबास गरिरहेका छन् । नागरिकता वितरण गर्दा गैरनागरिकलाई पनि नागरिकता दिने क्रमले गर्दा जो वास्तविक मधेसी मूलका नेपालीहरु हुन् उनीहरुमाथि अन्याय भएको छ । ती नयाँ नागरिकता लिने अनागरिकहरुलाई पनि एउटै तराजुमा तौलिएर हेर्ने परम्परागत सोचका कारण वास्तविक मधेसीहरुमाथि विभेद् भएको छ । यसले उनीहरुमा असन्तुष्टी बढ्नु स्वभाविक हो ।

त्यसैले मधेस आन्दोलन निरन्तर चलिरहन्छ । यसका स्वरुपहरु मात्र परिवर्तन भइरहन्छन् । मधेसमा पार्टी खुल्ने, टुटने र जुट्ने क्रम पनि द्रुत गतिमै चलिरहन्छ । मधेस नेपालको लागि एउटा समस्याको रुपमा रही रहन्छ । जबसम्म नेताहरुले मानवीय भावना, आत्मसम्मान, समावेशी, समानुपातिक, सहभागितामूलक सिद्धान्तलाई आत्मसाथ गर्दैनन् तबसम्म मधेस आन्दोलन चलिरहन्छ । मधेस आन्दोलन मात्र होइन, जातयि आन्दोलनहरु चलिरहन्छ । ती जातीय आन्दोलनहरुमा मधेस आन्दोलनको खेती अरुभन्दा बढी चर्चा परिचर्चामा रहने मात्र हो ।

अझ जातीय आन्दोलनका साथसाथै नेपालमा धार्मिक आन्दोलनले पनि खतरा बढ्दैछ । धर्मका नाममा हुने आन्दोलनको उर्वर भूमि पनि मधेस नै हुन सक्दछ । मधेसको सिको गरेर पहिचानबादीहरु जुर्मुराइरहेका छन् । यसले नेपालमा २०७२ को संविधानले दिएको अधिकारको विकेन्द्रीकरण गर्न नचाहने शक्तिको विरुद्धमा एकपटक फेरि जातीय सङ्गठनहरु तातिन सक्छन् । धमिलो पानीमा माछा मार्न पल्किएका विदेशी शक्तिले बीचमा अर्को खेल खेलिदियो भने व्याजको लोभ गर्दागर्दै साउँसमेत उम्किन सक्ने देखिएको छ । त्यसैले मधेसले आन्दोलन गरेर ल्याएको सङ्घीयतालाई बचाउने कि आठ वर्षकै उमेरमा घाँटी निमोठेर मार्ने हो, त्यो अब सङ्घीय संसद र सङ्घीय सरकारको हातमा रहेको छ । यसतर्फ राजनेताहरुले समयमै ध्यान दिएर मधेशका जनताले भविष्यमा कुनै पनि आन्दोलन गर्नुपर्ने परिस्थिति आउन दिनु हुँदैन ।

# आम सञ्चार, मिडिया काउन्सिल र सामाजिक सञ्जाल नियमनसम्बन्धी तीन विधेयक आउँदै

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपाल मिडिया काउन्सिल, आमसञ्चार र सामाजिक सञ्जाल (व्यवस्थापन तथा नियमन) सम्बन्धी तीन विधेयकको मस्यौदा तयार गरेको छ । नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयकको मस्यौदामा अर्थ मन्त्रालयको सहमति लिई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिको लागि पठाइएको छ भने अन्य दुई विधेयक सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको छ ।





सुरक्षण मुद्रणसम्बन्धी विधेयक र सार्वजनिक सेवा प्रसारण विधेयक सङ्घीय संसदको समितिमा विचाराधीन रहेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले कार्यभार सम्हालेको एक वर्ष पूरा भएको अवसरमा बिहीबार सार्वजनिक प्रगति विवरणमा नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयक आएपछि आम सञ्चार क्षेत्रको पुनःसंरचनामा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसका साथै मन्त्रालयले सञ्चारमाध्यमको सबलीकरण र श्रमजीवी पत्रकारको पेशागत तथा भौतिक सुरक्षा र आम सञ्चार क्षेत्रमा समावेशीकरणको सवाललाई पनि मन्त्रालयले प्राथमिकतामा राखेको मन्त्री शर्माले जनाएकी छन् ।

मन्त्रालयबाट विगत पाँच वर्षदेखि वृद्धि हुन नसकेको श्रमजीवी पत्रकारको पारिश्रमिक पुनरावलोकनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको छ । आम सञ्चारका क्षेत्रमा कतिपय सानाजस्ता देखिने तर सेवाग्राहीलाई असहज हुने गरेका क्षेत्रमा पनि सुधारको थालनी गरिएको छ । सूचना विभागबाट जारी हुने प्रेस प्रतिनिधिको अवधि तीन वर्ष बनाउने, एफएम रेडियोको नवीकरण अनलाइनबाटै गर्नेलगायतका सुधारात्मक कार्य थालिएको छ भने सञ्चारमाध्यम दर्तालगायतका सन्दर्भमा आवश्यक कागजात एकीकृतरूपमा अनलाइनमार्फत लिने व्यवस्था मिलाउन र साना साना कामका लागि पनि काठमाडौँ नै धाउनुपर्ने बाध्यताको अन्त्य गर्न आवश्यक गृहकार्य थालिएको छ ।

चालु आवको बजेटमा आम सञ्चार र सूचना प्रविधिमा महिलाको क्षमता वृद्धिको कार्यक्रम अगाडि बढाइएको छ । सार्वजनिक सेवा प्रसारण विधेयक पारित भएपछि नेपाल टेलिभिजन र रेडियो नेपालको पुनःसंरचना हुनेछ । सरकारी स्वामित्वका सबै सञ्चारमाध्यमलाई थप समावेशी बनाउँदै लैजान सरकार दृढ र प्रतिबद्ध छ । रेडियो नेपाल, नेपाल टेलिभिजन र गोरखापत्रले भाषाभाषीको संख्या बढाइरहेका छन् । राससमा मातृभाषामा समाचार सेवा सुरु भएको छ । "सरकारी सञ्चारमाध्यम सरकार र जनताबीचमा पुलको काम गर्ने माध्यम बन्नुपर्छ । जनताका गुनासा सरकारसमक्ष पुर्‍याउने र सरकारले गरेका राम्रा काम जनतासमक्ष पुर्‍याउने भूमिका खेल्नुपर्छ", मन्त्री शर्माले भनेका छन् ।

मन्त्रालयले अनुमतिपत्र लिई फ्रिक्वेन्सीबापत शून्य वा अत्यन्त कम राजस्व तिर्नुपर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति तर्जुमा गरेको छ । त्यस्तै अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली पनि संशोधन गरिएको छ । यसले सम्पत्तिको व्यवस्थापन गर्नुको साथै प्रयोग नभएको रेडियो फ्रिक्वेन्सी स्वतः फिर्ता हुने व्यवस्था गरिएको छ । "रेडियो फ्रिक्वेन्सी सीमित प्राकृतिक स्रोतको रुपमा रहेको राज्यको सम्पत्ति हो, यसको दूरुपयोग रोक्ने मुख्य उद्देश्यसहित नियमावली संशोधन गरिएको छ ।" मन्त्रालयको प्रगति विवरणमा भनिएको छ । यसले दूरसञ्चार क्षेत्रमा रहेका समस्याको समाधान गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

कानुनी सुधारका क्रममा सरकारी विज्ञापनको कारोबारमा चुहावट बढेको, विज्ञापनका लागि छुट्याइएको रकमको थोरै प्रतिशत मात्र सञ्चारमाध्यममा जाने गरेको, यसबाट सञ्चारमाध्यममा समस्या परेको र विज्ञापन बजारमा अपारदर्शिता बढ्दै गएको गुनासो सम्बोधन गर्न विज्ञापन (नियमन गर्ने) नियमावली, २०८० संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ ।

यसबीचमा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका, २०८० र राष्ट्रिय साइवर सुरक्षा नीति, २०८० लगायतका नीति तथा कानुन स्वीकृत भई कार्यान्वयनको क्रममा रहेका छन् ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। आमाले भन्नुहुन्छ ।।

सुन मेरा प्यारा छोरा, नयन गगनका तारा ।
कहिले बन्ने हो, दुःखी आमाबुवाका सहारा ।।
सुखका सपना हेर्दाहेर्दै, भयो रे बुढेसकाल ।
अब मबाट हुदैन सहन, यस्तो दुःखद हाल ।।
कहिले लगाउछु म, सुन चाँदीका चुरा माला ।
कहिले झल्कन्छन्, मेरो पनि यी हात गाला ।।
सबैको ईटाको घर, आफ्नै छ माटोको घर ।
सबै पढि विदेश जान्छन ,अलि हेर वरपर ।।
न खेत छ न बारी, मात्र छ पाँच धूर जमिन ।
कसरी पढाउँ, मेरो हाड काप्छ देखि ऋण ।।
बाह्रसम्म पढाएँ तिमीलाई, मैले सके जति ।
अब मबाट हुदैन गन्न, दुःखका तारा यति ।।
सधैं बगिरहन्छ चिन्ताले, नयनका अश्रुधारा ।
कहिले बन्छौ सपुत, मेरो सन्तान किनारा ।।
तिमीलाई के थाहा छ, जिम्मेवारीको भार ।
पीडा कसरी लुकेको, हेर बुवाको अनुहार ।।
तिमी छैनौ अब नादान है, बुझ्न यो संसार ।
जीवनभर पढाइले, केवल चल्दैन परिवार ।।
धनको लालच छैन, तिम्रो नै चिन्ता छ छोरा ।
तिमी हौ मेरा अन्मोल, रत्न सुन चाँदी हिरा ।।
म तिम्रै लागि भन्छु, मलाई छैन कुनै आपत ।
कही भोग्न नपरोस्, सधैँभरि यस्तै हालत ।।
पैसा कसरी आउलान्, त्यो युक्ति अब सोच ।
कमाउनु अनि पढ्नु है, म भन्छु निःसंकोच ।।
क्षमता भन्दा पनि ठुलो, न हेर बाबु सपना ।
कसले साथ देलान्, कोही छैन नि आफ्ना ।।
कहिले बर्साउछन् भगवान, दयाको बादल ।
कहिले भर्छन् मेरो पनि, यो खाली आँचल ।।
हिड्न सिकाएँ सानैदेखि, समाति तिम्रो हात ।
उभ आफ्नो खुट्टामा अब, बुझ्नुपर्छ हालात ।।
फलानो छन् इन्जिनियर, कहाँ भयो नोकरी ।
पढे पनि उठाउनैपर्छ, जिम्मेवारीको टोकरी ।।
सिधा कुरा पासपोर्ट बनाइ, गइहाल विदेश ।
बुझ्ने भयौ तिमी अब,भन्ने कुरा रहेन शेष ।।
केकेमा रहन्छौ लागेको, केही हुने वाला छ ?
यी गीत, चित्र, लेखन, के पेट भर्ने कला छ ?



**लेखकः- राम 'रुद्राक्ष' मण्डल**
**ठेगानाः- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा धनुषा, नेपाल ।**

## ।। बलत्कार ।।

बाल विवाह दाइजो प्रथा
बनेको छ समाजको विवाद
जाती जातीको विभेदले
समाजमा बढेको छ बलत्कार ।।
आज भोली समाजमा बढेछ भ्रष्टाचार
लागु पदार्थको प्रचार-प्रसारले
बढाएको छ बलत्कार।।
अङ्रेजी रक्सी बनाउन
दिइन्छ यहाँ अधिकार
तर अधिकार माग्दा
गरिन्छ यहाँ बलत्कार।।
प्रहरीको भेषमा
बढाएको छ यहाँ अत्याचार,
पैसाको बलमा,
बढेको छ यहाँ बलत्कार ।।



**लेखकः- अमरजित कुमार महतो**
**ठेगानाः- बटेश्वर गा.पा. -१ धनुषा,नेपाल**

## ।। गजल ।।

दहेज कटर सभ कोई कहै छी
किया नै हटबै छी ई बेमारी

कते बेटी खेलकै बिख माहुर
कते गेल गाड़ल बाडी झाडी

बेट बेच्चा भिखमंगा बड़का
ओकर देह पर इन्होर ढारी

एहन प्रथाकेँ हटाबै पड़तै
सभकेँ आबय पड़तै अगरी

नै लेब दहेज आ नै देब दहेज
आई सभ मिलि यैह विचारी

दहेज कटर सभ कोई कहै छी
किया नै हटबै छी ई बेमारी



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार**
**दोहा कतार**

## ।। सम्झना ।।

मरुभूमि को देश आज लहलहाँउदो छ
कृषिप्रधान देश आज मौलाउँदो छ
आफ्नै देशमा काम पाइन
भित्रिनु पर्यो आज खाडी मुलुक
प्रतिफल दियो खाडी ले
जन्म दियो नेपाली आमाले
खुशी छु म आज तिमि भन्दा धेरै
तिमि हाँस्दा लाग्छ यो खुशी हो मेरै
कमाइ ल्याए खाडीबाट अनि
फेरि फुलाउँछु पिरतिको फुल आफ्नै देशमा
आमाबुवा को आशिर्वाद ले
बच्चाबच्ची को मायाले
शिपको जगेर्ना गर्छु म आफ्नै जन्मभुमिमा
न्यानो अभिवादन नेपाललाई
गोरा र कालाको भेदले
जिउन दिएन खुशीले कसैलाइ नेपाली भँडुवाले
गुहारछु म आज नेपाल आमालाइ
समेटि राख हामी लाइ आफ्नै देशमा
कर्म को पहिचान गराउ आफ्नै धर्म मा बाँच्नु सिकाउ
मिलिजुली एकआपसमा माया र सदभाव साट्न सिकाउ



**प्रमोद राम**
**जनकपुर ९**

## ।। आध्यारो कोठा ।।

उज्ज्वल भविष्य को चिन्तनले ......
अँध्यारो रात संग छलफल गरि ..........
आफ्नो भविष्य को कर्म लेख्दै छु ।
संर्घष को बाटो हिड्दै गन्तब्य खोज्दै छु ।।
पाईला पाईलामा भएको कडा चुन्दै..
सफलता को बाटो बनाउदै छु ।।
जुनकीरी को उज्यालो लिएर अवसर खोज्दै छु ।।
केहि अवसर को परखाईमा .......
जिन्दगी को बाटोमा पछाडि परेछु।
झुठो मुस्कान र स्वार्थी सन्सारमा ....
असफलता को कारणले आफन्तको वास्तबिक ब्यवहार
हेर्न पाए छु।
संर्घषको बाटो हिडदै गन्तब्य खोज्दै छु ।।।
हुन्छ होला एक बिहान मेरो पनि ....
त्यही आशामा सुर्यको किरण खोज्दै छु ।
अँध्यारो कोठामा आफनो भविष्यको कर्म लेख्दै छु ।
संर्घषको बाटो हिड्दै गन्तव्य खोज्दै छु ।।।



**लेखक राजिब कुमार पासवान**
**जनकपुरधाम ४**

## ।। बिदेसिएको पीडा ।।

त्यो पारीको गाउँमा औंला गन्दै गरेकी ती बूढी आमैलाई सोध्नुहोस ।
छोरा बिदेसिएको पीडा ।
तिनलाई असाध्यै माया गर्ने स्वास्नीलाई सोध्नुहोस
श्रीमान बिदेसिएको पीडा ।
ती अबोध उनका छोरा वा छोरीलाई सोध्नुहोस ।
बुवा बिदेसिएको पीडा ।
ती अविवाहित जवान भाइ वा बहिनीलाई सोध्नुहोस ।
दाजु बिदेसिएको पीडा ।
ती गाउँले लाई सोध्नुहोस सुखदुःखमा मिठामिठा कुरा गर्दिने
फलानो बिदेसिएको पीडा ।
ती गाउँका पाखा पखेरा भीर खोला सङ्ग सोध्नुहोस उनीसङ्ग कुनै बेला
रमाएका केटो बिदेसिएको पीडा ।
कहिलेसम्म सरकार आखिर कहिले सम्म ?
यसरी पीडामा ।
के यसमा सरकार मात्रै दोषी छन त ?
मेरो विचारमा सरकार मात्रै नभै बिदेसिने पनि त्यतिकै नै दोषी छन ।
आफ्नै खेतबारी बाझो छोडी बिदेसिनु कतिको बुधिमानी हुन्छ ?
आफ्नै गाउघरमा पशु चौपाया नपालेर बिदेसिनु कतिको बुधिमानी हुन्छ ?
आफ्नै गाउघर देसमै कुनै सीप नसिकी बिदेसिनु कतिको बुधिमानी हुन्छ ?
आफ्नै देशमा भाको अवसरहरुमा प्रतिस्पर्धा नगरी बिदेसिनु कतिको बुधिमानी हुन्छ ?



**लेखक राधेश्याम चौधरी**

## हराएको यात्री

आज काल म के गर्दै छु?
मलाई आफै थाहा छैन ।
म को हो मैले आफै
आफूलाई नै चिनि राखेको छैन,
थाहा छैन आफनो कामको लागि
कहाँ कहाँ डुलेँ
यो स्वार्थी संसारमा
आफूले आफूलाई नै भूलें ।।
एक्लो छु, नयाँ सम्बन्ध
नि गाँसेको छैन् ।
मो को हो
मलाई आफै थाहा छैन ।
सफलता पाउनका लागि
कुरी रा छु
आफ्नो गन्तव्य भुलेर
कहाँ कहाँ डुलि रा छु
भावनामा दुबेर
के के कोरी रा छु
मो को हो आफु ले
आफु लाई नैं भुली रा छ



**लेखक रोहन भुजेल**
**जनकपुरधाम - ४**

# 'ड्रिम्स' अफर हुँदा आत्मविश्वास थिएन, अब निरन्तर फिल्म गर्छु : नीति शाह



काठमाण्डु । फिल्मी दुनियाँमा नआउँदै राम्रो 'नेम-फ्रेम' बनाएकी मोडल हुन्, नीति शाह । सन् २०१७ मा मिस इन्टरनेशनलको उपाधि जितेपछि उनको सौन्दर्यको चर्चा हुँदा धेरै फिल्मको अफर पुगेको थियो । त्यसमध्ये एक थियो, 'ड्रिम्स' । अभिनेता भुवन केसी स्वयंले उनलाई फिल्म अफर गरेका थिए । तर, त्यसबेला उनले उक्त फिल्म अस्वीकार गरिन् । र, साम्राज्ञी आरएल शाहले डेब्युको मौका पाइन् ।

नीतिले 'ड्रिम्स'पछि पनि धेरै फिल्मको प्रस्ताव नकारेकी थिइन् । जब उनी फिल्म गर्ने निर्णयमा पुगिन् त्यसपछि भने उनलाई डेब्यू गर्नै सकस परेको थियो । उनले 'हुतुतु', 'एक्स ९', 'कामिनो' र 'रावायण' गरी चार फिल्म सम्झौता गरे पनि सबै समस्यामै अल्झिए । अब भने उनी फिल्म 'खजुरे ब्रो'बाट डेब्यु गर्दैछिन् । फिल्मको छायांकन समेत सुरु भैसकेकाले उनलाई ठूलो राहत मिलेको छ ।

सोमबार फिल्मको घोषणामा उनले 'ड्रिम्स'बाट अफर आउँदाको क्षण स्मरण गरिन् । त्यसबेला फिल्म गर्न आत्मविश्वास नभएकाले काम नगरेको उनको भनाई छ । उनी भन्छिन्, 'मलाई भुवन केसी सरले 'ड्रिम्स' अफर गर्नुभएको थियो । त्यसबेला म १२ कक्षामा पढिरहेकी थिएँ । त्यतिबेला फिल्ममा काम गर्न ममा आत्मविश्वास थिएन । नेपाली फिल्मको बारेमा मलाई खासै थाहा पनि थिएन ।'

नीतिले सम्झौता गरेका फिल्म निर्माण भएका हुन्थे भने अनमोल केसी या प्रदीप खड्काबाट उनको डेब्यु हुन्थ्यो । यो उनको चाहना पनि थियो । किनकि, अनमोल र प्रदीपको फिल्मबाट डेब्यु गर्दा करिअर सुखद् रुपमा अगाडि बढ्ने उनको विश्वास थियो । तर, उनको त्यो चाहना पूरा हुन सकेन । 'खजुरे ब्रो'मा भने उनको जोडी अभिनयमा स्थापित हुन संघर्षरत रेअर राईसँग बाँधिएको छ ।

फिल्मको घोषणा कार्यक्रममा पत्रकारले नीतिलाई प्रश्न गरे- 'तपाईंको चाहना त अनमोल र प्रदीपको फिल्मबाट डेब्यु गर्ने थियो नि होइन र ?' उनले फ्याट्टै जवाफ दिइहालिन्, 'चाहना त थियो तर रेअरसँग भाग्य लेखेको रहेछ । एकदमै खुसी छु म ।' उनले अब निरन्तर रुपमा फिल्म गर्ने योजना रहेको बताएकी छन् । स्क्रिप्ट र क्यारेक्टर राम्रो भएको अवस्थामा फिल्म गर्ने उनको भनाई छ ।

निर्देशक सुरज सुनुवारले नीतिको 'नेम-फ्रेम' हेरेर फिल्ममा नलिएको दाबी गरेका छन् । 'एउटा राम्रो क्यारेक्टर गर्नसक्ने कलाकार चाहिएको थियो । संयोगवश उहाँ नै जर्नुभयो,' उनले भने, 'नेम-फ्रेमकै हिसाबले सोचेको भए त स्टार भ्यालु भएकै कलाकार राख्थें नि।नीतिजीलाई क्यारेक्टरकै हिसाबले लिएका हौं । उहाँको 'फ्यान फलोइङ'लाई पनि कहीं न कहीं मध्यनजर चाहिँ गरेका हौं ।' फिल्मीखबर

# फिल्मबाट टाढा शिल्पालाई म्यूजिक भिडियोको सहारा



काठमाण्डु । व्यक्तिगत जीवनमा आएको उतार-चढावपछि अभिनेत्री शिल्पा पोखरेल ५ वर्षदेखि फिल्मबाट टाढा देखिएकी छन् । उनी अभिनीत पछिल्लो फिल्म 'भिलेन' हो, जुन सन् २०१९ मा रिलिज भएको थियो । यसपछि उनले नयाँ फिल्म सम्झौता गरेको जानकारीमा छैन । बरु यो बीचमा उनले तीनवटा जति भोजपुरी फिल्ममा काम गरिन् । नेपाली फिल्ममा भने उनको कमब्याक अझै अनिश्चित छ ।

म्यूजिक भिडियो हुँदै फिल्म 'लज्जा'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी शिल्पाले त्यसयता 'किस्मत २', 'मंगलम', 'हवल्दार सुन्तली', 'फागु', 'वृन्दावन' आदि फिल्ममा अभिनय गरिसकेकी छन् । तर, उनलाई निर्माता छविराज ओझाको फिल्म मात्र फापेको थियो । पछि उनै निर्माता ओझासँगै विवाह गरेकी शिल्पा अहिले अलग भैसकेकी छन् । त्यसयता नै उनको फिल्ममा सक्रियता घटेको हो ।

यद्यपि, उनले म्यूजिक भिडियोबाट आफूलाई गुमनाम हुन दिएकी छैनन् । २ वर्षयताको आँकडा हेर्ने हो भने उनले अभिनय गरेका 'डाँडाघरे साइँली', 'हैन होला र', 'नीरमाया ठूली' आदि गीत चर्चित छन् । २०२३ मा आधा दर्जन बढी गीतमा अभिनय गरेकी उनको २०२४ का लागि पहिलो गीत 'म को हुँ ?' रिलिज भएको छ । यो गीतमा शिल्पाको जोडी अभिनेता सरोज खनालसँग बाँधिएको छ ।

रामकृष्ण ढकाल र रानी शाक्यको युगल स्वरमा रहेको गीतमा रिमेश कुमारको संगीत तथा जनक वाग्लेको शब्द रचना छ । कुमार केसीको छायांकन र विजेश पौडेलको सम्पादन रहेको गीतको भिडियोलाई रसरंग मिडियाले तयार पारेको हो । सुलोचना गौतम र सुशान्त ढकालको पनि भिडियोमा अभिनय छ । वियोगात्मक शब्दभावको यो गीतमा शिल्पा र सरोजको अभिनय जीवन्त देखिन्छ । फिल्मीखबर

# 'आत्मनिर्भर बनाउन व्यवसायिक तालिम केन्द्रको भूमिका महत्वपूर्ण'



**टुडे समाचारदाता**

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले अल-हैल व्यवसायिक तालिम तथा सांस्कृतिक केन्द्रले नागरिकलाई आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् ।

कतार च्याप्टर तथा हिल नेपालद्वारा आयोजित 'अल-हैल व्यावसायिक तालिम तथा सांस्कृतिक केन्द्र भवन समुद्घाटन तथा हस्तान्तरण समारोह'का अवसरमा मन्त्री आचार्यले तालिमबाट सीप शुक्रवार्नन गरी आत्मनिर्भर बन्न केन्द्रले ठूलो भूमिका निर्वाह गर्ने बताए।

"नेपालमा कतार च्यारिटीले निस्वार्थभावमा सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पुर्याएको योगदान प्रशंसनीय छ । व्यावसायिक तालिम केन्द्रले व्यावसायिक सीप प्रदान गरी नेपाली नागरिकलाई आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ", मन्त्री आचार्यले भने । व्यावसायिक तालिम केन्द्रले दुई मुलुकबीचको सौहार्द सम्बन्धलाई थप सुदृढ बनाउनेमा मन्त्री आचार्यले विश्वास व्यक्त गरे ।

कार्यक्रममा मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले कतार च्यारिटीले शिक्षा, सीप विकासलगायत क्षेत्रमा निर्वाह गरेको भूमिका महत्वपूर्ण रहेको बताएँदै केन्द्र कुनै धर्म समुदायको मात्र नभई देशको सम्पत्ति रहेको बताए।

कार्यक्रममा हिल नेपाल र कतार च्यारिटी नेपालद्वारा निर्मित उक्त भवन असलाम सोसाइटीलाई हस्तान्तरण गरिएको छ । प्राविधिक तथा व्यावसायिक तालिम प्रदान र संस्कृतिको आदान-प्रदान तथा संरक्षण गर्ने मुख्य दुई उद्देश्यसहित निर्मित भवनको सोहीअनुसार रेखदेख तथा व्यवस्थापन गर्ने जिम्मेवारीसहित दुई पक्षबीच हस्ताक्षर गरिएको छ ।

असलाम सोसाइटीका अध्यक्ष नजरुल हसनले सोसाइटीले पाएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै केन्द्र सबै नेपालीको उत्थानका लागि रहने जनाए । समाज कल्याण परिषद्का सदस्यसचिव मनोज भट्टले व्यावसायिक तालिम प्रदान केन्द्रलाई थप सहजीकरणको भूमिका परिषद्ले गर्ने आश्वासन व्यक्त गरे ।

कतार च्यारिटी नेपाल कार्यक्रमका निर्देशक मोहम्मद वकासले व्यावसायिक तालिम केन्द्रले स्थानीय समुदायमा सीप विकास तथा संस्कार संरक्षणमा टेवा पुग्ने बताए ।

# 'गुणस्तरीय स्वास्थ्य सेवाको दायित्व सरकारको हो'

**टुडे समाचारदाता**

काठमाण्डु । कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान निरीक्षण गर्दै मुलुकका लागि आवश्यक दक्ष जनशक्ति तथा सामाजिक उत्तरदायित्वको भावनाबाट अभिप्रेरित चिकित्सक नर्स, प्रयोगशालाविद् लगायतका स्वास्थ्यकर्मीहरू उत्पादनमा जोड दिएका छन् ।

उनले निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा अत्यधिक महँगो भएकाले त्यसमा आम जनताको सहज पहुँच हुन नसकेको भन्दै सरकारी र सामुदायिकस्तरमा स्वास्थ्य केन्द्र तथा अस्पतालको विकास गरी त्यहाँबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुने व्यवस्था मिलाउनु राज्यको प्रमुख दायित्व भएको बताए। स्वास्थ्य सेवामा नागरिकको सहज र सर्वसुलभ पहुँच स्थापित गर्न वर्तमान सरकारले विभिन्न कार्यक्रम अघि बढाइरहेको उनको भनाइ थियो ।

कार्यवाहक प्रधानमन्त्री खड्काले सार्वजनिक स्वास्थ्य संस्था सबल र सुदृढ भएमात्र सर्वसाधारण नेपाली दिदीबहिनी तथा दाजुभाइले सर्वसुलभ स्वास्थ्योपचार सेवा प्राप्त गर्न सक्ने तथ्य कोभिड-१९ तथा डेङ्गु सङ्क्रमणको समयमा स्पष्ट भइसकेको बताए। यस कुरालाई हृदयङ्गम गरी सरकारले सबै सार्वजनिक अस्पतालको क्षमता विकासलाई उच्च प्राथमिकतामा राखेको उनले उल्लेख गरे ।

यस संस्थानबाट उत्पादन हुँदै गरेका सक्षम चिकित्सा जनशक्तिलाई अझ बढी प्रभावकारीरूपमा अगाडि बढाउन चिकित्सा जनशक्तिको राष्ट्रिय आवश्यकतालाई मनन गरी आगामी दिनमा पाठ्यक्रमअनुसारको शैक्षिक कार्यक्रम, समयानुकूल दक्ष जनशक्तिको विकास, सुदृढीकरण र आधुनिकीकरणलाई प्राथमिकतामा राखी थप शैक्षिक कार्यक्रम सञ्चालन गर्दै अघि बढ्न म सम्पूर्ण संस्थान परिवारलाई आग्रह गर्न चाहन्छु, कार्यवाहक प्रधानमन्त्री खड्काले भने ।

संस्थानमा शिक्षण तथा व्यवस्थापनमा



लागि अहोरात्र खटिनुहुने शिक्षककर्ग, सकलदर्जालगायत कर्मचारीको समर्पण र सामूहिक प्रयासले नै शुक्रबार यो संस्थानले शैक्षिक क्षेत्रमा उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएको उनको भनाइ थियो । "तपाईंहरूको निरन्तर परिश्रमकै कारण यहाँ अध्ययनरत विद्यार्थीले गुणस्तरीय चिकित्सा शिक्षा प्राप्त गरिरहेका छन् । तसर्थ यहाँहरू सबैले पुर्याउनुभएको योगदान ज्यादै नै प्रशंसनीय छ र यसका लागि म सबैलाई हार्दिक धन्यवाद दिँदै यो टिमस्प्रिटलाई आगामी दिनमा पनि निरन्तरता दिन हार्दिक आग्रह गर्न चाहन्छु", उनले भने ।

द्रुतगतिमा बदलिँदो विश्वपरिवेश तथा त्यससँगै देखापरेका स्वास्थ्य चुनौती सामना गर्न सक्षम चिकित्सा जनशक्ति उत्पादन गर्नेतर्फ यस संस्थान निरन्तर अग्रसर रहिरहन सकोस् भन्ने उनले कामना गरे । यस संस्थानलाई चिकित्सा शिक्षा अध्ययनका लागि देशकै उत्कृष्ट मेडिकल कलेजका रूपमा स्थापित गर्न आगामी दिनमा यहाँका प्राध्यापक कर्मचारी तथा सकल दर्जाले थप प्रयास गर्नेमा उनले विश्वास व्यक्त गरे ।

उनले संस्थामा आफू पहिलोपटक आए पनि यसबारे परिचित रहेको भन्दै नेपाली सेनाको एक महत्वपूर्ण अङ्गका रूपमा रहेको यस संस्थानले नेपाली सेनालाई मात्र नभई समग्र राष्ट्रलाई नै आवश्यक गुणस्तरीय चिकित्सा जनशक्ति उत्पादन गर्न महत्त्वपूर्ण योगदान गरिरहेको बताए।

मुलुकमा स्वास्थ्य प्रतिष्ठान तथा चिकित्सा अध्ययन संस्थानको सङ्ख्यामा सङ्ख्यात्मक वृद्धिसँगसँगै तिनको अध्ययन, अध्यापन र स्वास्थ्य सेवा प्रवाहलाई चुस्त र गुणस्तरीय बनाउने कार्य चुनौतीपूर्ण रहेको भन्दै उनले यस क्रममा सम्बन्धित स्वास्थ्य प्रतिष्ठान तथा अध्ययन संस्थानले आफ्नो गुणस्तरमा कुनै सम्झौता नगरी गुणस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र स्वास्थ्य सेवा प्रवाहमा निरन्तर ध्यान दिन आवश्यक रहेको धारणा राखे ।

"स्वास्थ्य क्षेत्र एउटा गतिशील क्षेत्र हो । दिनहुँ यस क्षेत्रमा नयाँ-नयाँ अनुसन्धान भई नयाँ-नयाँ उपचार पद्धति, प्रविधि र औषधिको आविष्कार भइरहेको छ । त्यसलाई हामीले हाम्रो स्वास्थ्य प्रणालीभित्र समायोजन र अनुकूलन गर्दै जानुपर्ने खाँचो छ । यसका लागि यस संस्थानले पनि एकातिर थप पूर्वाधारको विकास गर्दै जान र अर्कोतर्फ नयाँ प्रविधि र पद्धतिलाई क्रमशः आत्मसात् गर्दै अघि बढ्न आवश्यक देखिन्छ", कार्यवाहक प्रधानमन्त्री खड्काले भने ।

सो अवसरमा नेपाली सेनाका प्रधानसेनापति, रक्षा मन्त्रालयका निमित्त सचिव तथा नेपाली सेनाका अन्य अधिकारीहरूको उपस्थिति थियो ।

# युगाण्डामा रहेका नेपालीसँग प्रधानमन्त्रीको अन्तरक्रिया

**टुडे समाचारदाता**

काठमाण्डु । असंलग्न राष्ट्रहरूको आन्दोलन (नाम) को उन्नाइसौं सम्मेलनमा भाग लिन युगाण्डाको कम्पाला पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्यहाँ रहेका नेपालीसँग भेट गरेका छन् । भेटमा उनले आफ्नो युगाण्डा भ्रमण पहिलो भ्रमण रहेको उल्लेख गर्दै यहाँ रहेका नेपालीसँग अन्तरक्रिया गर्न पाउँदा खुसी भएको बताए। प्रधानमन्त्रीले भने, "युगाण्डामा मेरो पहिलो भ्रमण हो । तपाईंहरूसँग भेटेर कुराकानी गर्न पाउँदा खुसी लागेको छ । यहाँ तपाईंहरूले केही कुरा उठाए । ती महत्वपूर्ण छन् । हिजोमात्रै भिजिट भिसाका बारेमा केही महत्वपूर्ण निर्णय गरिएको छ । केही समयअघि आप्रवासन समस्या समाधानका निम्ति सबै राजदूतसँग छलफल गरिएको छ ।"

परराष्ट्रमन्त्री नारायण प्रकाश (एनपी) साउदले युगाण्डामा रहेका नेपालीले देशको अवैतनिक राजदूतका रूपमा काम गरिरहेको भन्दै नेपालीहरूले गर्ने हरेक क्रियाकलापसँग देशको बिम्ब जोडिने भएकाले देशको प्रतिष्ठा बढाउने गरी काम गर्न आग्रह गरे । गैरआवासीय नेपाली सङ्घ युगाण्डाका अध्यक्ष रमा अर्यालले आफ्नो देशको प्रधानमन्त्रीलगायतका नेताहरू भेट्न पाउँदा अत्यन्तै खुसीका साथै अभिभावकत्व महसुस भएको बताए ।

सो कार्यक्रममा गैरआवासीय सङ्घका युगाण्डामा संरक्षक रमेश कँडेलले युगाण्डामा तीन सय ५० जनाभन्दा बढी नेपाली रहेको, विगत ३० वर्षदेखि नेपालीहरूले युगाण्डाको विकास निर्माण र व्यापार-व्यवसायमा समेत राम्रो भूमिका निर्वाह गरिरहेको जनाउँदै युगाण्डामा रहेका नेपालीहरूको अवस्थाबारे जानकारी गराएका थिए ।

# मन्त्री ज्वालाद्वारा सडक र पुल अनुगमन

**टुडे समाचारदाता**

दमौली । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले मुग्लिन-पोखरा सडक योजनाअन्तर्गत पश्चिम खण्डको सडक र पूर्वी खण्डअन्तर्गतको निर्माणाधीन पुलको शुक्रबार अनुगमन गरेका छन् । तनहुँको जामुनेदेखि पोखरासम्मको पश्चिम खण्डको प्रगतिबारे उनले शुक्रबार जानकारी लिएका हुन् ।

मन्त्रालयका सचिव, महानिर्देशकसहित मन्त्री ज्वालाले उक्त खण्डको अनुगमन गर्दै काममा तीव्रता दिन निर्देशन दिनुभएको छ । पश्चिम खण्डको काम निकै सुस्त भएकाले यसलाई तीव्रता दिन आवश्यक रहेको मन्त्री ज्वालाको भनाइ थियो । पश्चिम खण्डको काममा ढिलाइ हुँदा गुनासो आएकाले कामको गति बढाउन मन्त्री ज्वालाले निर्देशन दिए ।

पश्चिम खण्डअन्तर्गत जामुनेबाट पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ ।



यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ ।

मन्त्री ज्वालाले मुग्लिन-पोखरा सडक विस्तारको पूर्वी खण्डअन्तर्गत दमौली मादी नदीमा निर्माण हुने पुलको समेत निरीक्षण गरेका छन् । व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमाथि रु एक २१ करोड लागतमा आर्क पुल बन्दैछ ।

पुल निर्माणका लागि आवश्यक काम भइरहेको इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार पुलका लागि दुई सय १० पाइलमध्ये ५२ वटा पाइलको काम सकिएको छ। उनले दुईवटा फाउण्डेशनको पाइलको काम सकिएको जानकारी दिनुभयो । हाल भइरहेको पुलभन्दा केही माथि नयाँ पुल निर्माण हुँदैछ । पुल निर्माणको ठेक्का जेडआइष्ट अन्नक जेभीले पाएको छ ।

मुग्लिन-पोखरा सडक विस्तार आयोजनाले दुई खण्डमा सम्झौता गरेर काम गरिरहेको छ। आँबुखैरेनीबाट जामुनेसम्मको पूर्वी खण्डमा काम सन्तोषजनक भए पनि जामुनेबाट पोखरासम्मको पश्चिमखण्डमा काम सुस्त छ । पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । एकचालीस दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म छ ।

विसं २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ ।


चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५-२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रेबजार क्षेत्र र कास्कीको गगनगौडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ ।

# लगानीको अभावमा कृषिमा फड्को मार्न नसकेको मन्त्री भुसालको भनाई

**टुडे समाचारदाता**

सर्लाही । कृषि तथा पशुपक्षी विकासमन्त्री डा बेदुराम भुसालले कृषि क्षेत्रमा न्यून लगानी भएको बताउनुभएको छ । शुक्रबार आयोजित दोस्रो डेरी, कृषि अनुसन्धान, उत्पादन तथा कृषि औजार प्रदर्शनी मेलाका अवसरमा कृषिको क्षेत्रमा तीन प्रतिशतमात्रै बजेट विनियोजन भएकाले र त्यो पर्याप्त नभएको बताए। उनले कृषिमा सिँचाइ, मलखाद, बीउबिजनलगायत प्राविधियुक्त कृषिलाई अगाडि बढाउनु आवश्यक रहेको धारणा राख्नुभयो ।

मन्त्री भुसालले कुल २० लाख ९१ हजार हेक्टर क्षेत्रफलमध्ये करिब १७ प्रतिशत भूमिमा मात्रै सिँचाइ सुविधा पुगेको बताए। उनले चुरे संरक्षण, प्राङ्गारिक मलको प्रयोगले मात्रै उत्पादनलाई बढावा दिन सकिने र त्यसको उचित बजार व्यवस्थापन गर्न जरुरी रहेको बताए। प्रविधिको विकाससँगै कृषि प्रविधिमा परिवर्तन आउन आवश्यक रहेको



उनको भनाइ थियो ।

उनले कृषिजन्य उत्पादन र कृषिमा सुधारात्मक परिवर्तन ल्याउन प्रविधि, उद्योग, मल बीउ, सिँचाइलगायत व्यवस्थापनका साथै बजारको उचित व्यवस्था गर्न आवश्यक रहेको र बजारको मागअनुसार कृषिजन्य वस्तुको उत्पादन गर्दा कृषि क्षेत्रमार्फत नै फड्को मार्न सकिने बताए।

किसानका उत्पादन र प्रविधियुक्त कृषिखेतीको प्रवर्द्धन र व्यवस्थापन गर्न सहज होस् भनेर कृषि अनुसन्धान, उत्पादन तथा कृषि औजार प्रदर्शनी मेला आयोजना गरिएको हरिवन नगरपालिकाका नगरप्रमुख एवं कार्यक्रमका अध्यक्ष रमेश बुढाथोकीले बताए।

'मधेस प्रदेशको शान, दुग्ध र कृषि क्षेत्र हामी सबैको पहिचान' भन्ने मूल नारासहित आयोजना गरिएको प्रदर्शनी मेलामा उत्कृष्ट किसानलाई सम्मान गरिएको थियो । साथै बैंक तथा संस्थाबीच अन्तरक्रिया, पशु उपचार, गोबर परीक्षण, माटो परीक्षणका साथै किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको प्रदर्शन र स्थानीय कलाकारबाट कला, संस्कृति झल्काउने सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ । मेला माघ ७ गतेसम्म सञ्चालन हुने छ ।

# लगानी सम्मेलनको तयारी तीव्र पार्न निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । आगामी वैशाख १६ र १७ मा काठमाडौँमा आयोजना हुने तेस्रो लगानी सम्मेलनको तयारीमा तीव्रता दिन अर्थमन्त्री डा प्रकाशशरण महतले निर्देशन दिएका छन् ।

शुक्रबार बसेको लगानी सम्मेलन निर्देशक समितिको दोस्रो बैठकमार्फत अर्थमन्त्री महतले आवश्यक नीतिगत, कानुनी एवं प्रक्रियागत सुधार र परियोजना तयारीलाई तीव्रता दिन निर्देशन दिएका हुन् । आगामी लगानी सम्मेलनले विदेशी लगानीकर्ताका साथै गैरआवासीय नेपाली र स्वदेशी निजी क्षेत्रको लगानी आकर्षणलाई प्राथमिकतामा राखेको उल्लेख गर्नुहुँदै अर्थमन्त्री डा महतले सम्भाव्य विदेशी लगानीकर्ता तथा परियोजना पहिचान गरी ठोस सुझाव प्रस्तुत गर्न निजी क्षेत्रलाई आह्वान गरे ।

आगामी लगानी सम्मेलन निजी क्षेत्र तथा विकास साझेदारहरूसँगको सहकार्यमा



नेपाल सरकारले आयोजना गर्न लागेको हो । निर्देशक समितिको शुक्रबारको बैठकमा लगानी सम्मेलन सचिवालयका संयोजक एवं लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले हालसम्म भएका तयारीबारे संक्षिप्त प्रस्तुतिकरण गरेका थिए ।

लगानी सम्मेलन आयोजना गर्नका लागि सरकारले अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्यसचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समिति र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सचिवालय गठन गरी काम अगाडि बढाएको छ । साथै नीतिगत, प्रक्रियागत र कानुनी सुधारका लागि प्रधानमन्त्री कार्यालयका सचिव (आर्थिक पूर्वाधार महाशाखा)को संयोजकत्वमा कार्यदल गठन भएको छ । यी सबै समिति र कार्यदलहरूले आ-आफ्नो क्षेत्रमा सक्रियतापूर्वक कार्य गरिरहेका छन् ।

शुक्रबार सम्पन्न निर्देशक समितिको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति, ऊर्जा, जलस्रोत तथा सिँचाइ, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र सहरी विकास मन्त्रालयका मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्यसचिव, विभिन्न मन्त्रालयका सचिवहरू, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर तथा निजी क्षेत्रका छाता सङ्गठनहरूको सहभागिता रहेको थियो ।

# साझा सङ्कल्प आवश्यक रहेको मुख्यमन्त्री पाण्डेको भनाई

**टुडे समाचारदाता**

मध्यबिन्दु । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले योजना निर्माणसँगै काममा लाग्नसके समृद्ध गण्डकी प्रदेश निर्माण गर्न सकिने बताएका छन् । गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना निर्माणका लागि नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा भएको अन्तर्क्रियामा मुख्यमन्त्री पाण्डेले आगामी योजना प्रभावकारी बनाइनुपर्ने बताए।

"दिगो विकासको आधार तय गरेर हरेक क्षेत्रलाई समावेश गरी तीनै तहका सरकारबीच समन्वय र सहकार्य हुने योजना निर्माण गर्न सुझाव सङ्कलनका लागि जिल्लामा आएका हौँ", उनले भने ।प्रदेशमा उत्पादमुखी र आत्मनिर्भर अर्थतन्त्र, दिगो ऊर्जा सुरक्षा, कृषिको आधुनिकीकरण, कृषि प्रशोधन तथा खनिज उत्खनन, उद्योगधन्दा स्थापना, प्राविधिक तथा व्यावसायिक शिक्षा, पर्यटनलगायत विषयलाई आगामी योजनामा प्राथमिकता दिइने मुख्यमन्त्री पाण्डेले बताए।

गण्डकी प्रदेश सरकारका कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसीले कृषि क्षेत्रलाई उत्पादनसँग जोड्नेगरी आगामी पञ्चवर्षीय योजना निर्माण गरिने बताए। विगतको अनुभवलाई आधार मानेर आगामी योजनातर्जुमा गर्नुपर्ने मन्त्री जिसीले बताए।

गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेमगरले 'आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी' भन्ने मूल नाराका साथ आगामी योजना तयार पारिने बताए । आर्थिक समृद्धिको मूल आधारलाई पहिचान गरी रोजगारमुखी योजना अगाडि सारिने मन्त्री आलेले बताए ।

योजना निर्माणका लागि पहिलो चरणमा स्थानीय तह र जिल्ला तहका विभिन्न सङ्घसंस्था तथा राजनीतिक दलसँग सुझाव सङ्कलनको काम भइरहेको गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले बताए । प्रदेशभित्रका ११ वटा जिल्लाका सबै स्थानीय तहका प्रमुखसँग छलफल, समन्वय, तथा अन्तर्क्रियाका कार्यक्रम गरी सुझाव सङ्कलनको अभियानका क्रममा नवलपरासी( बर्दघाट सुस्तापूर्व)मा सो काम गरिएको उनले बताए । गण्डकी प्रदेशका ११ जिल्लामध्ये कास्कीबाहेकका अन्य जिल्लामा सुझाव सङ्कलनको काम सकिएको जानकारी दिँदै उपाध्यक्ष देवकोटाले पहिलो पञ्चवर्षीय योजनाको समीक्षा गर्दै दोस्रो पञ्चवर्षीय योजना निर्माणको तयारीमा जुटेको उल्लेख गरे ।

फागुनभित्र योजनाको मस्यौदा तयार गर्ने र चैत मसान्तसम्ममा यसलाई अन्तिम रूप दिने लक्ष्य रहेको गण्डकी प्रदेश सरकारले जनाएको छ । सुझाव सङ्कलन कार्यक्रममा प्रदेशसभा सदस्य, नवलपरासी( बर्दघाट सुस्तापूर्व)का नगर तथा गाउँपालिका र जिल्ला समन्वय समितिका पदाधिकारीले पनि योजनाका लागि सुझाव दिएका थिए ।

# 'रेड सी' सङ्कटको सप्ताह

एएफपी

दुबई । विद्रोहीको कब्जामा रहेको यमनी क्षेत्रमा अमेरिका र बेलायतले गरेको हवाई आक्रमणले 'रेड सी' क्षेत्र वरपर तनाव बढेको छ। 'रेड सी' मा जहाँ इरान समर्थित यमनी हुथी विद्रोहीहरूले इजरायलसँग




सम्बन्धित मानिएको पानीजहाजमा आक्रमण गरिरहेका छन् ।

हमासविरुद्ध इजरायलको युद्धको विरोधमा हुथी आक्रमणले व्यापारिक रूपमा महत्वपूर्ण मार्गमा ढुवानीमा बाधा पुऱ्याएको छ । 'रेड सी' मार्ग हुँदै सामान्यतया विश्वव्यापी समुद्री व्यापारको लगभग १२ प्रतिशत कारोबारका लागि आवागमन हुने गर्छ । जनवरी १२ मा अमेरिकी र बेलायती सेनाले विद्रोहीको कब्जामा रहेको यमनका १६ स्थानमा ६० हुथी क्षेप्यास्त्र र राडारको लक्ष्यमा आक्रमण गरेको अमेरिकी सेनाले जनाएको छ ।हुथी अधिकारीहरूका अनुसार उक्त आक्रमणमा पाँच जनाको मृत्यु भएको थियो भने छ जना घाइते भएका थिए। त्यसको बदलामा हुथी विद्रोहीले क्षेप्यास्त्र प्रहार गरेका थिए तर कुनै पनि हतियार लक्ष्यमा प्रहार हुन नसकेको अमेरिकी अधिकारीले बताएका छन्। रातभरको आक्रमणपछि विद्रोहीहरूले अमेरिकी र बेलायती स्वार्थलाई 'वैध निशाना' को आक्रमणभनेका छन् । दोस्रो दिन अर्थात् जनवरी १३ मा हुथीविद्रोहीले 'रेड सी' मा रहेका जहाजमाथि आक्रमण जारी राख्ने चेतावनी दिएपछि अमेरिकी सेनाले राजधानी सानास्थित विद्रोहीको अल-दैलामी हवाइ शिविरमा अर्को अमेरिकी आक्रमण गर्ने जनाएको छ भने १४ जनवरी मा अमेरिकी सेनाले 'यूएसएस लाबुन" क्षेप्यास्त्रमाथि प्रहार गरिएको हुथी क्रुज क्षेप्यास्त्र खसालेको छ । जनवरी १५ मा हुथी क्षेप्यास्त्रले रेड सीको दक्षिणमा रहेको एडेनको खाडीमा अमेरिकी स्वामित्वको मालवाहक जहाज जिब्राल्टर ईगललाई ठक्कर दिएको थियो भने १६ जनवरी मा अमेरिकाले हुथी नियन्त्रित यमनबाट प्रक्षेपण गर्न तयार पारिएका चार वटा जहाजभेदी ब्यालेस्टिक क्षेप्यास्त्र नष्ट गरेको थियो । यसको प्रतिक्रियामा हुथी क्षेप्यास्त्रले रेड सीमा चलिरहेको ग्रीसको स्वामित्वमा रहेको माल्टाको ध्वजावाहक जहाजलाई आक्रमण गर्दा जहाजमा सामन्य क्षति भएको तर कुनै पनि मानवीय क्षति भएको थिएन ।

जनवरी १७ मा हुथी ड्रोनले अमेरिकी स्वामित्वको जेन्को पिकार्डीमा आक्रमण गर्दा जहाजमा सामान्य क्षति भएको दावी आक्रमणकारी समूहले गरेको भएपनि अमेरिकी सेन्ट्रल कमाण्डले कुनै क्षति नभएको जनाएको थियो । त्यसपछि अमेरिकी सेनाले हुथी नियन्त्रित यमनबाट १४ वटा क्षेप्यास्त्र खसालेको थियो ।

जनवरी १८ मा हुथी विद्रोहीले एडेनको खाडीमा रहेको अमेरिकी मालबाहक जहाजमा 'सिधा प्रहार' भएको दाबी गरे पनि अमेरिकी सेनाले भने क्षेप्यास्त्र छुटेको दाबी गरेको छ । अमेरिकाले पनि रेड सीमा प्रक्षेपणका लागि तयार पारिएका दुई जहाजभेदी क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ ।

# बागमतीले कोशीलाई हरायो




टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबार भएको खेलमा बागमती प्रदेशले कोशी प्रदेशलाई ६४ रनले पराजित गरेको छ।

जीतका लागि दुई सय ७४ रनको बलियो लक्ष्य पच्छाएको कोशी प्रदेशल ४७ दशमलव एक ओभरमा सबै विकेट गुमाउदै दुई सय नौ रनमा समेटियो ।

कोशी प्रदेशका लागि सुजन थपलियाले सर्वाधिक ५९ रनको योगदान दिए । उनले ७६ बल खेल्दै चार चौका र तीन छक्का प्रहार गरे । साथै कप्तान अङ्कित सुवेदीले ५३ रन बनाए । उनले ६५ बलमा चार चौका र दुई छक्का प्रहार गरे । अशीष भट्टराईले ३२, सोनु अनसरीले २१ तथा हेमन्त राईले १० रन बनाए।

बलिङतर्फ बागमतीका इशान पाण्डे पाँच विकेट लिए भने सूर्य तामाङले दुई विकेट लिए। त्यस्तै प्रतीक श्रेष्ठ र रिजन ढकालले समान एक/एक विकेट लिए।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको बागमतीले ४८ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ७३ रनको योगफल बनाएको थियो । बागमतीका लागि आशुतोष घिरैयाले एक सय ११ बलमा एक सय १८ रन जोडे । उनले कुल १६ चौका र २ छक्का प्रहार गरे।

त्यसैगरी कप्तान रित गौतमले ४९, रविन जोशीले ४३ र प्रतिक श्रेष्ठले १९ रन बनाए। दोस्रो विकेटका लागि आँशुतोष र रितले १ सय ३१ रनको साझेदारी गरेका थिए।

कोशी प्रदेशका अभ्यास तिमिल्सिनाले तीन विकेट लिए भने हेमन्त राई र कमल खत्रीले समान दुई दुई विकेट झारे। त्यस्तै फ्रिर्दोश अन्सारीले एक विकेट लिएका थिए।

# उत्तर कोरियाद्वारा 'पानीमुनि हान्ने आणविक अस्त्र प्रणाली' परीक्षण

एएफपी

सियोल । उत्तर कोरियाले वासिङ्टन, सियोल र टोकियोको संयुक्त नौसैनिक अभ्यासको प्रत्युत्तरमा 'पानीमुनि प्रहार गर्ने आणविक हतियार प्रणाली' परीक्षण गरेको शुक्रबार जनाएको छ।

संयुक्त अभ्यासले उत्तर कोरियाको सुरक्षामा गम्भीर खतरा उत्पन्न गरेको र त्यसको जवाफमा प्योङयाङले कोरियाको पूर्वी समुद्रमा निर्माणाधीन आफ्नो पानीमुनिको आणविक हतियार प्रणाली 'हेल-५-२३' को महत्वपूर्ण परीक्षण गरेको सरकारी समाचार संस्था केसीएनएले जनाएको छ।

गत वर्षको सुरुमा प्योङयाङले 'रेडियोधर्मी सुनामी' निम्त्याउन सक्ने दाबी गर्दै पानीमुनि आणविक हमला गर्ने कैयौँ ड्रोनको परीक्षण गरेको बताएको थियो।

विश्लेषकहरूले प्योङयाङसँग त्यस्तो हतियार छ कि छैन भनेर प्रश्न उठाएका छन्।

यसै साताको सुरुमा दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका र जापानले दक्षिणी जेजु टापुको



जलक्षेत्रमा संयुक्त नौसैनिक अभ्यास गरेका थिए।

उक्त अभ्यासमा विमानवाहक युद्धपोत 'युएसएस कार्ल भिन्सन'सहित तीन देशका नौ युद्धपोत सहभागी थिए।

प्योङयाङको रक्षा मन्त्रालयका प्रवक्ताले शुक्रबार भन्नुभयो, "यो सैन्य अभ्यासले क्षेत्रीय स्थितिलाई थप अस्थिर बनाउने काम गरेको छ र यो उत्तर कोरियाको सुरक्षालाई गम्भीर खतरामा पार्ने कार्य हो।"

उत्तर कोरियाले गरेको परीक्षणले 'हाम्रो सेनाको पानीमुनि हान्नसक्ने आणविक हतियारमा आधारित प्रतिकारात्मक अवस्थालाई थप नजिक ल्याएको छ र यसले अमेरिका र उसका सहयोगीहरूको शत्रुतापूर्ण सैन्य युद्धाभ्यासलाई रोक्ने कायलाई जारी राख्नेछ," प्रवक्ताले भने।

हालैका महिनाहरूमा दुई कोरियाबीचको लामो समयदेखि तनावपूर्ण रहँदै आएको सम्बन्धमा तीव्र गिरावट आएको छ, दुवै पक्षले तनाव कम गर्ने प्रमुख सम्झौताहरू खारेज गरेका छन्, सीमा सुरक्षालाई बढावा दिएका छन् र सीमामा प्रत्यक्ष आक्रमणका अभ्यासहरू सञ्चालन गरेका छन्।

उत्तर कोरियाली नेता किम जोङ उनले गत साता दक्षिण कोरियालाई आफ्नो देशको ' प्रमुख शत्रु' घोषणा गर्नुभएको थियो भने पुनर्मिलन र पहुँचका लागि काम गर्ने निकायहरूलाई निष्क्रिय भएको घोषणा गर्नुभएको थियो।

# कोलम्बियाको शान्ति प्रक्रियालाई समर्थन गर्ने

सिन्ह्वा

संयुक्त राष्ट्रङ्घ । संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्‌ले कोलम्बियाको शान्ति प्रक्रियाका लागि पूर्ण तथा सर्वसम्मत समर्थन दोहोऱ्याउने बताएको छ।

बिहीबार जारी विज्ञप्तिअनुसार परिषद्का सदस्यहरूले कोलम्बियामा सन् २०१६ को अन्तिम छ। सदस्यहरूले पूर्व लडाकूहरू र सामाजिक नेताहरूले सामना गरिरहेका खतरा र हिंसाको बारेमा पनि चिन्ता व्यक्त गरेका छन् । महिला नेताहरू र मानव अधिकार रक्षकहरूको सुरक्षाका लागि व्यापक कार्यक्रमको योजना तथा कार्यान्वयनको आवश्यकतामा जोड दिए।

शान्ति सम्झौताको जातीय



शान्ति सम्झौताको व्यापक कार्यान्वयन सुनिश्चित गर्नुपर्ने महत्वलाई प्रकाश पार्दै स्थानीय निर्वाचनपछि भएको प्रगतिको प्रशंसा गरेका छन् । उनीहरूले शान्ति प्रवर्द्धन गर्न नवनिर्वाचित अधिकारीहरूको महत्वपूर्ण भूमिका तथा शान्ति प्रक्रियामा विविध पृष्ठभूमिका महिलाहरूको पूर्ण समान अर्थपूर्ण र सुरक्षित सहभागितामा जोड दिएका छन्।

ग्रामीण सुधारका प्रावधानहरूमा आएको परिवर्तनको प्रशंसा गर्दै परिषद्‌ले किसान र जातीय समुदायमा भूमि वितरणमा भएको प्रगति र व्यापक पुन: एकीकरण कार्यक्रम अपनाएको कुरा स्वीकार गरेको अध्यायप्रति कोलम्बिया सरकारको प्रतिबद्धतालाई परिषद्‌ले स्वागत गरेको छ भने सन् २०२६ सम्ममा ६० प्रतिशत कार्यान्वयन हुने अपेक्षा गरेको छ।

यसबाहेक, उनीहरूले महिला, शान्ति र सुरक्षामा संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्ताव १३२५ कार्यान्वयन गर्न कोलम्बियाको पहिलो राष्ट्रिय कार्य योजना पूरा हुने अनुमान गरेका छन् ।परिषद्‌ले शान्ति सम्झौताको व्यापक कार्यान्वयनलाई समर्थन गर्न कोलम्बियासँग नजिकबाट काम गर्ने आफ्नो समर्पणलाई दोहोऱ्याउँदै दुवै पक्षको प्रतिबद्धतालाई जोड दिएको छ।

# नगर खेलकुद महोत्सव हुँदै



टुडे समाचारदाता

पथरी। मोरङको पथरी शनिश्चरे नगरपालिकाले नगरभित्र खेलिने खेललाई मध्यनजर गर्दै खेलकुद महोत्सव (नगर ओलम्पिक) गर्ने भएको छ । भोलिदेखि माघ १५ सम्म हुने 'पथरी शनिश्चरे नगर खेलकुद महोत्सव-२०८०' मा सात विधामा प्रतिस्पर्धा हुने नगरले पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएको छ।

पहिलो पटक 'खेलकुद राष्ट्रको शान, स्थानीय खेलाडी उत्पादन हाम्रो अभियान' भन्ने नाराका साथ खेलकुदमा नयाँ आयमको सुरुआत गर्न लागिएको नगर कार्यालयले जनाएको छ । नगरभित्र रहेका खेलाडीको हौसला प्रदान गर्दै केही नयाँ कार्यक्रम गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको खेलकुद विकास समिति संयोजक दिपक राईले बताए।

"सकेसम्म बढी खेल समावेश गर्ने कोशिस गरेका छौँ। पहिलो पटक भएकाले व्यवस्थापन गर्न कठिन भइरहेको छ", संयोजक राईले भने। महोत्सव नगरकै गौरव भएकाले यसलाई सफल बनाउन सम्पूर्ण नगरवासीलाई सहयोग गर्न उहाँले अनुरोध गर्नुभयो। उनका अनुसार माघ ६ गते हुने शनिबार प्रस्तावित पथरी रङ्गशालामा उद्घाटन हुने कार्यक्रमको अन्तिम चरणमा पुगेको छ।

उक्त प्रतियोगितामा फुटबल, तेक्वान्दो, कराते र मिनि म्याराथन (दौड) मा महिला र पुरुष दुवै विधामा खेल हुने समितिका सदस्य सचिव तथा नगर शिक्षा तथा खेलकुद शाखाका अधिकृत नवीन खुलालले जानकारी दिए। उनका अनुसार बुद्धिचाल (चेस), भलिबल र क्रिकेटमा पनि प्रतियोगिता हुनेछ। बुद्धिचाल खुला रहने छ भने भलिबल र क्रिकेट पुरुष विधामा मात्रै प्रतिस्पर्धा हुनेछ।

रू १४ लाख ३१ हजारको बजेटमा हुन लागेको महोत्सवमा फुटबलका लागि १० समूह, क्रिकेटमा नौ, भलिबलमा सात समूहले सहभागिता जनाएका छन्। करातेमा पुरुष ३७ र महिला २०, तेक्वान्दोमा ५० र बुद्धिचालमा हालसम्म ८० जनाको नाम दर्ता भएको छ । त्यस्तै, मिनी म्याराथनका लागि ३० जनाले नाम दर्ता गराएको पत्रकार सम्मेलनमा जानकारी गराएको छ।

फुटबल प्रतियोगितामा विजेता समूहले रू एक लाख, उपविजेताले रू ५० हजार, महिलातर्फका विजेताले रू १० हजार र उपविजेताले रू पाँच हजार नगदसहति ट्रफी, मेडल प्राप्त गर्ने आयोजकले जनाएको छ। भलिबल खेलमा प्रथम हुनेले रू २५ हजार र दोस्रोले रू १५ हजार, क्रिकेटमा पहिलोले रू २० र दोस्रो रू १५ हजार पुरस्कार प्राप्त गर्नेछन्। कराते र तेक्वान्दोमा प्रथम पुरस्कार रू पाँच हजारका दरले रहने छ भने मिनी म्याराथनमा प्रथम रू छ हजार, दोस्रो रू चार हजार र तेस्रो हुनेले रू दुई हजारका दरले नगद पुरस्कार पाउनेछन्।

फुटबलमा प्रत्येक खेलमा म्यान अफ दी म्याच र विधागत पुरस्कारतर्फ उत्कृष्ट खेलाडीलाई गोल्डेन बल, गोल्डेन बुट र गोल्डेन ग्लोव्सले पुरस्कृत गरिने छ। पत्रकार सम्मेलनमा फुटबल, क्रिकेट र भलिबल प्रतियोगिताको खेल तालिका पनि सार्वजनिक गरिएको छ।

# थाइल्यान्डमा करिब एक करोड ५० लाख टन लिथियम फेला पर्यो

एएफपी

बैङ्कक । थाइल्यान्डले करिब एक करोड ५० लाख टन लिथियम भण्डार पत्ता लगाएको एक सरकारी प्रवक्ताले शुक्रबार बताउनुभएको छ।

उक्त खोजले विद्युतीय सवारी उत्पादनका लागि क्षेत्रीय 'हब' बन्ने मुलुकको लक्ष्यलाई प्रवर्द्धन गर्नेछ।

यस खोजले बोलिभिया र अर्जेन्टिनापछि थाइल्यान्डसँग तेस्रो सबैभन्दा ठूलो लिथियम स्रोत रहेको देखाएको छ तर यसलाई व्यावसायिकरूपमा कति दोहन गर्न सकिन्छ भन्ने अहिलेसम्म स्पष्ट भएको छैन।

सरकारका उपप्रवक्ता रुडक्लाओ इन्टावोङ सुवानकिरीले दि नेसन टेलिभिजनलाई एक करोड ४८ लाख टन लिथियम दक्षिणी प्रान्त फाङ नगामा दुई अलग अलग साइटको बीचमा फैलिएको जानकारी दिनुभयो।

"हामीले फेला पारेका स्रोतहरूबाट कति प्रयोग गर्न सक्छौँ भनेर पत्ता लगाउन प्रयास गरिरहेका छौँ, यसमा समय लाग्छ", उहाँले भन्नुभयो।

लिथियम विद्युतीय कारका साथै स्मार्टफोन र अन्य विद्युतीय सामग्रीमा प्रयोग गरिने बेट्रीहरूको निर्माणमा प्रमुख घटक हो।

लिथियम विद्युतीय कारका साथै स्मार्टफोन र अन्य विद्युतीय सामग्रीमा प्रयोग गरिने बेट्रीहरूको निर्माणमा प्रमुख घटक हो ।

अगस्टमा सत्ता सम्हालेपछि प्रधानमन्त्री श्रेथा थाभिसिनको सरकारले मुलुकको परम्परागत कारहरू एसेम्बल गर्ने इतिहासलाई अगाडि बढाउँदै थाइल्यान्डलाई विद्युतीय सवारीका लागि क्षेत्रीय उत्पादन केन्द्रका रूपमा बढाउने प्रयासलाई प्राथमिकता दिएको छ।

डाभोसमा विश्व आर्थिक मञ्चको बैठकका क्रममा श्रेथाले बोशका उपाध्यक्षसहित उद्योग जगत्का नेताहरूसँग भेट गर्नुभयो र थाइल्यान्डमा विद्युतीय सवारी उत्पादनमा लगानी गर्न आग्रह गर्नुभयो।

रुडक्लाओले लिथियम खोजका बारेमा भन्नुभयो, "यो राम्रो समाचार हो, यो थाइल्यान्डका लागि विद्युतीय सवारी बेट्रीको उत्पादनमा आत्मनिर्भर बन्ने एउटा अवसर हो।"

सन् २०२३ डिसेम्बरमा दुई चिनियाँ दिग्गजले थाइल्यान्डलाई उत्पादन केन्द्रका रूपमा विकास गर्न दुई अर्ब ३० करोड भाट (छ करोड ४० लाख अमेरिकी डलर) लगानी गर्ने बताएका थिए।

# विद्रोहीको आँखा छल्दै म्यान्माका करिब ३०० सैनिक भारतमा

एएफपी

गुवाहटी। म्यान्माको सेनाप्रति वफादार जुन्टा सरकारसँग लडिरहेका सशस्त्र विद्रोहीको आक्रमणबाट भाग्न करिब ३०० सैनिक सीमा पार गरी भारत प्रवेश गरेको भारतीय अर्धसैनिक बलका अधिकारीले शुक्रबार एएफपीलाई जानकारी गराएका छन्।

गत नोभेम्बरमा अराकान आर्मी (एए) ले सुरक्षा फौजमाथि आक्रमण गरेपछि म्यान्माको भारतीय सीमा नजिकको केही भागमा तनाव बढेको थियो । यसै हप्ता उक्त समूहले भारतको मिजोरम राज्यको सिमानामा रहेको प्रमुख शहर पालेतवा र छवटा सैन्य अखडा कब्जा गरेको बताएको थियो ।आसाम राइफल्स अर्धसैनिक




बलका अधिकारीले नाम नबताउने शर्तमा एएफपीसँग भन्नुभयो, "हतियार र गोलाबारुदसहित कूल २७६ सैनिक बोन्डुकबाङ्सोरा गाउँमा आइपुगेका छन्।" "हामीले उनीहरूलाई हाम्रो क्याम्पमा आश्रय दिएका छौं", उहाँले भन्नुभयो, "आउने सैनिकलाई आवश्यक पर्ने सबै सहयोग दिइएको छ।"अधिकारीका अनुसार भारतीय सेनाको युनिटले ती सैनिकबाट बायोमेट्रिक डाटा सङ्कलन गरिरहेको छ र उनीहरूलाई म्यान्मा फिर्ता गर्न नयाँ दिल्लीस्थित रक्षा मन्त्रालयसँग अनुमति मागेको छ।

स्थानीय सञ्चारमाध्यमका अनुसार गत नोभेम्बरमा युद्धविराम अन्त्य भएयता म्यानमाका अन्य सयौँ सैनिक युद्धबाट बच्न भारततर्फ भागेका छन् ।द्वन्द्वबाट पछि हटेका सैनिकलाई लिन र स्वदेश फर्काउन म्यानमारका दुई सैनिक विमान मिजोरमको राजधानी आइजोल आइपुगेका छन्।

# मादल बेचेर घर खर्च



टुडे समाचारदाता

त्रिवेणी। रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका-२ सिम्रुतुमा मङ्गल वादीले मादल बेचेर घर खर्चको जोहो गर्दै आएका छन्। विगत पाँच वर्षदेखि उनले यहाँ मादल व्यवसाय सञ्चालन गर्दै आएका हुन्। चाडपर्व तथा घरायसी खर्च मादल बेचेर व्यवस्थापन गर्दै आएको वादीले बताए। राप्ती राजमार्गको छेउमा व्यवसाय सञ्चालन गरेको भन्दै बजारको कुनै समस्या नरहेको उनले बताए।

“आवश्यक परेको बेला जिल्ला बाहिरका व्यक्तिसमेत मादल किन्न आउने गर्छन्। दसैँतिहारको बीचमा मादल बनाउन भ्याइनभ्याइ हुन्छ”, वादीले भने, “व्यवसाय सुरु गरेको पाँच वर्ष भयो। मादल बिक्री गरेरै वर्षमा रू दुई लाखदेखि तीन लाखसम्म आम्दानी हुने गरेको छ। बजारको समस्या छैन पसलमै मादल किन्न मान्छेहरु आउँछन्।” उनका अनुसार अहिले पसलबाट दमाहा, डमरु र मादल बिक्री भइरहेका छन्।

एउटा मादल रू दुई हजार पाँच सयदेखि रू २५ हजारसम्म बिक्री हुने गरेको वादीले जानकारी दिए। मादल बनाउने काठलगायत आवश्यक अन्य सामग्री गाउँमै उपलब्ध हुने भएकाले सामग्री जुटाउन समस्या नरहेको उनले बताए। मादल बनाउने पेसामा वादीको दम्पतीनै लागेको छ। आफूले मात्रै माग धान्न नसकेपछि एक जनालाई रोजगारसमेत दिएको उनले बताए।

कामदारका रूपमा मादल बनाउने पेसामा लाग्नुभएका ५६ वर्षीय गगन वादीले आफू यो पेसामा लागेपछि चाडपर्वलगायत अन्य खर्चमा सहज भएको सुनाए। “विगत पाँच वर्षदेखि यहाँ काम गरिरहेको छु। यहाँ वार्षिक काम गरेमा रू एक लाखदेखि डेढ लाखसम्म कमाइ हुन्छ”, उनले भने। यही पेसाले जीविकोपार्जनमा सहज भएको उनको भनाइ थियो।

व्यावसायिक रूपमा मादल बनाउने पेसामा लाग्नुभएका मङ्गले, वादी समुदायको जीवनस्तर माथि उकास्न र वादी समुदायको व्यवसायलाई थप व्यवस्थित बनाउन स्थानीय सरकारले चासो देखाउनुपर्ने र आर्थिकरुपमा सहयोगको गर्नुपर्ने उनीहरुको भनाइ थियो।

दलित तथा वादी समुदायका लागि क्षमता विकास कार्यक्रमअन्तर्गत गाउँपालिकाले चालु आर्थिक वर्षमा रू दश लाख बजेट विनियोजन गरेको त्रिवेणी गाउँपालिका अध्यक्ष गनेशकुमार केसीले जानकारी दिए। उनका अनुसार दलित तथा वादी समुदायलाई सोही बजेटबाट सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाउने लक्ष्य गाउँपालिकाले लिएको छ।

# अध्यादेशमार्फत बजेट क्यालेन्डर संशोधन

टुडे समाचारदाता

काठमाण्डु। सङ्घीय संसद्मा विनियोजन विधेयक (वार्षिक बजेट) प्रस्तुत हुनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त तथा प्राथमिकता पेश गरिसक्नुपर्ने व्यवस्थासहित अध्यादेशमार्फत ऐन संशोधन भएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले बिहीबार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गरेसँगै बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसद्मा पेश गर्न बाटो खुलेको हो। अध्यादेशमार्फत बजेटको सीमा (सिलिङ) तोक्ने साविकको समयसीमामा पनि संशोधन गरिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा संशोधन गरी यो अध्यादेश ल्याइएको हो।

उक्त ऐनको दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो। यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी ‘विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेश गरिनुपर्ने’ व्यवस्था ल्याइएको अर्थमन्त्रालयका प्रवक्ता धनीराम शर्माले राससलाई जानकारी दिए। सङ्घीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेश गर्नुपर्ने कानुनी व्यवस्था छ।



त्यस्तै बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता माथि संसद्मा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जानेछ। “बजेटका सिद्धान्त र प्राथमिकता सङ्घीय संसद्मा पेश भएपछि संसद्ले सोउपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने वा हटाउनुपर्ने वा सोसम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा एक महिनाभित्र अर्थात् चैत १५ गतेसम्म त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था गरिएको छ”, प्रवक्ता शर्माले भने। यसअघि बजेटका सिद्धान्त तथा प्राथमिकता संसद्मा प्रस्तुत भएको सात दिनभित्र सांसदहरुले सुझाव सरकारलाई दिइसक्नुपर्ने व्यवस्था थियो।

चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटको बुँदा नं २९ मा आगामी आवदेखि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात् फागुन मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सङ्घीय संसदमा पेश गर्ने व्यवस्था मिलाइने उल्लेख छ। बजेटको यही व्यवस्था कार्यान्वयनका लागि अध्यादेश ल्याइएको हो। यसबाट विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि संसद्मा पर्याप्त छलफल भई सांसदहरुबाट आएका सुझावका आधारमा यथार्थपरक बजेट तर्जुमा गर्न सघाउ पुग्ने विश्वास गरिएको छ।

अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन गरिएको छ।

ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ। दफा ७ (१) मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आवको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको छ। अध्यादेशमार्फत उक्त व्यवस्थालाई संशोधन गरी माघ मसान्तसम्म गरिसक्नुपर्ने बनाइएको छ।

उक्त ऐनको दफा ८ (१) मा पनि संशोधन भएको छ। उक्त दफामा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाइसक्नुपर्नेछ भनी व्यवस्था गरिएको थियो। अध्यादेशमार्फत् यो व्यवस्थामा संशोधन गरी स्रोत समितिले बजेट सिलिङ र मध्यमकालिन खर्च संरचनासम्बन्धी विवरण फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालयमा पठाइसक्न भनिएको छ।

साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ६५ मा उल्लेखित नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकारमा संशोधन गरिएको छ। दफा ६५ (२) मा महालेखा नियन्त्रक कार्यलयले प्राविधिक मार्गदर्शन, कार्यविधि निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ भनी व्यवस्था रहेकामा त्यसलाई संशोधन गरी अर्थमन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले उक्त काम गर्नुपर्ने व्यवस्था गरिएको छ।

# सुन्तला बन्यो आम्दानीको श्रोत

टुडे समाचारदाता

म्याग्दी। म्याग्दीको मालिका गाउँपालिका-७ बिमका चन्द्रबहादुर श्रीपाली दश वर्षअघिसम्म घरव्यवहार चलाउन वैदेशिक रोजगारमा निर्भर थिए।

पर्याप्त जमिन र आम्दानीको अन्य स्रोत नभएकाले १५ वर्ष साउदी र कतारमा पसिना बगाएका चन्दबहादुरले पछिल्लो दश वर्षयता सुन्तला खेतीलाई आम्दानीको स्रोत बनाएका छन्।

“चार वर्ष साउदीमा भेडा चराउँदा पाएको दुःख सम्झिएर विसं २०५९ मा छुट्टिमा आउँदा बाँझो बारीमा सुन्तलाको बगैँचा बगाएको थिए”, उनले भने, “त्यति बेला लगाएको सुन्तला फल्न थालेपछि विदेशको तुलनामा यही आम्दानी हुन्छ जस्तो लाग्यो।”

अहिले सुन्तला खेती पेन्सनजस्तो भएको उनले बताए। चन्दबहादुरले यस वर्ष दुई सय ५० बोटबाट रू दुई लाख ३६ हजारको सुन्तला बिक्री गरेको जानकारी दिए।

यसअघि एकै वर्षमा रू चार लाखसम्मको सुन्तला बिक्री गरेको उनले बताए।

मालिका-७ बिमका ४५ वर्षीय भवीराज जुग्जाली पनि सुन्तला खेती गर्नुअघि कामको खोजीमा २६ महिना साउदीमा बिताए। वार्षिक रू चार लाख हाराहारीको सुन्तला बेच्ने जुग्जालीको बगैँचामा तीन सय बोट छन्।



“घरव्यवहार चलाउन, छोराछोरी पढाउन सुन्तला खेती गरेपछि सजिलो भएको छ”, उनले भने, “दुई लाख कमाउनका लागि विदेशमा गएर श्रम, पसिना बगाउनुभन्दा गाउँकै पाखाबारीमा सुन्तला खेती गर्दा फाइदा र सजिलो छ।”

सुन्तला बेचेर भएको आम्दानीले जुग्जालीले दुई छोरीलाई पोखरामा स्नातक तहमा पठाउनुभएको छ। श्रीपाली र जुग्जालीजस्तै मालिका गाउँपालिका-७ बिममा पर्ने दुले, नराले, टुनीबोट, दोबाटो, भारवाङ, नौमानेका बासिन्दाले सुन्तला खेतीलाई आम्दानीको मुख्य स्रोत बनाएका छन्। साठीभन्दा बढी घरधुरीले व्यावसायिक सुन्तला खेती गरेका भरवाङका हेम पुनले बताए। “सडक, यातायातको सुविधा, भूगोल र हावापानी अनुकूल भएकाले सुन्तला खेती फस्टाएको छ”, उनले भने “कोदो, मकै, गहुँलगायत खाद्यान्नको विकल्पमा सुन्तला खेती गर्ने क्रम बढेको छ।”

कृषक शिव गौतमका अनुसार मालिका गाउँपालिकाको वडा नम्बर ७ बाट यस वर्ष रू ९० लाख लाख मूल्य बराबरको सुन्तला निकासी भएको छ। “गत वर्ष रू एक करोडभन्दा बढी मूल्यको सुन्तला निकासी भएको थियो”, उनले भने, “सुन्तला खेती गरेका घरधुरीमा पुगेर सङ्कलन गरेको विवरणअनुसार यसपालि रू ९० लाखको निकासी भएको छ।”

यस वर्ष प्रतिकिलो रू ५५ देखि ६५ का दरले सुन्तला बिक्री भएको छ। सुन्तला फूल खेल्ने र बटिला लाग्ने समयमा भएको वर्षा र असिनाका कारण उत्पादन घटेको कृषकले बताएका छन्। पोखरा र काठमाडौँमा बिमको सुन्तला निकासी हुन्छ।

गाउँकै युवाहरु मिलेर सुन्तला बजारीकरण गर्छन्। पोखराका व्यापारी पनि सुन्तला किन्न बगैँचामै आउने गरेका कृषकको भनाइ छ। व्यवस्थित सिँचाइ सुविधा र सुन्तला ढुवानी गर्दा राखिने क्रेट आवश्यक रहेको बिमका कृषकले बताएका छन्।

# गुन्द्रुकको ‘ब्रान्डिङ’ गरिदै

टुडे समाचारदाता

इलाम। रोङ गाउँपालिकाले गुन्द्रुक उत्पादनमा किसानलाई अनुदान र बजारीकरणका लागि ‘ब्रान्डिङ’ गर्ने काम सुरुआत गरेको छ। उत्पादनमा किसानलाई सहुलियत दिने र किसानले उत्पादन गरेका सबै गुन्द्रुक बिक्री गर्ने जिम्मा गाउँपालिकाले नै लिने भएपछि किसान गुन्द्रुक बनाउनकै लागि व्यावसायिक साग खेती गर्न थालेका हुन्।

रोङ-४ की शारदा अर्याललाई दुई वर्षअघि गुन्द्रुक बिक्छ भन्ने कल्पना नै थिएन। उनलाई लागेको थियो साग त बिक्दैन गुन्द्रुक कसले किन्ला र ! तर कमलाले अहिले व्यावसायिक रुपमा नै साग खेती गरेका छन्। उनको बारीभरि हरिया साग छन्। गाउँपालिकाले ‘गुन्द्रुक’ ब्रान्डिङ गर्ने कार्यक्रम ल्याएदेखि उनलाई साग खेतीमा आकर्षण भएको हो। “चिया, आलुले भाउ र घीउछुर्पीले बजार नपाएका बेला गुन्द्रुक बिक्री होला भन्ने त सोच नै थिएन तर हाम्रै गाउँपालिकाले गुन्द्रुकको बजार खोजिदिने भएपछि साग रोप्न थालेँ, आजकाल त साग फलायो, गुन्द्रुक बनायो बेच्यो,” उनले भने।

गाउँपालिकाले गुन्द्रुक, सिस्नोलगायत १० देखि १२ प्रकारका कृषि उपजको ब्रान्डिङ गरेर किसानका लागि एउटा प्लेटफर्म तयार गरिदिने काम गरिरहेको गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्बो सुवासले जानकारी दिनुभएको छ। ‘गुन्द्रुक, र सिस्नोमात्र होइन आगामी वर्षदेखि १०-१२ वटा ‘आइटम’ सुकाएर बजारमा ल्याउने तयारी गर्दैछौँ,” उनले भने, “भोलि एकजना किसान, एउटा व्यवसायी वा उद्योगीले यो सबै बजार निश्चित गरेर प्लेटफर्म बनाउन गाह्रो हुन्छ तर राज्यले बनाई दिएको प्लेटफर्ममा काम गर्न सजिलो हुन्छ। त्यसैले हाम्रो प्रयास किसानका लागि सहजता प्रदान गर्ने हो।”

गुन्द्रुकजन्य उत्पादनलाई सुकाएर ‘प्याकेजिङ’ गर्ने प्लान्टमा पालिकाले एक करोड बराबरको लगानी गरेको छ। “किसानलाई तालिम गरायौँ, लेभलिङ, प्याकेजिङ ब्रान्डिङको प्रक्रियामा केही खर्च गर्‍यौँ, करोड बराबरको खर्च भएको छ,” उनले भने। गुन्द्रुकमात्र नभएर सिस्नोलाई समेत ब्रान्ड



बनाउन सुरु भएको छ। “कुनै पनि उत्पादनलाई मौसम र समय परिवर्तन गरेर बजारमा निकाल्ने भनेको एउटा शीतभण्डारमा राखेर हो अर्को सुकाएर निकालिने हो,” स्याङबो भन्छन्, “शीतभण्डार महङ्गो छ। यो तत्काल बिक्री नगरे अखाद्य बन्छ तर सुकाएर निकालिने कुराको चैँ पर्खेर एक-डेढ वर्षमा बिक्री गर्दा पनि सम्भव छ। त्यसकारण हाम्रो भूगोलमा कोलस्टोरभन्दा ‘ड्रायरप्लान्ड’ उपयुक्त हुन्छ।”

गुन्द्रुकलाई गुणस्तरीय बनाउन किसानलाई तालिम र ड्रायर मेसिन अनुदान दिइने गरेको गाउँपालिकाले जनाएको छ। गुन्द्रुकमा किसानलाई प्रतिकिलो रु ८० अनुदान दिइने छभने गुन्द्रुकको अमिलोपन, सुक्खापन, आकार, रङ्गलगायत कस्तो बनाउने भन्नेबारे किसानलाई प्राविधिक सहयोग गर्ने गरिएको छ, अध्यक्ष स्याङ्बोले बताए।

पालिकामा साग उत्पादन बढेको छ। किसानले उत्पादन गरेका सबै साग किन्न सक्ने गरी प्रत्येक वडामा एउटा प्रशोधन उद्योग खोल्ने तयारी रहेको उनले बताएका छन्। सागमा किसानलाई आकर्षित गराउन उत्पादकत्वका विषयमा जानकारी गराउन जरुरी रहेको बताउँदै उनले एक रोपनी क्षेत्रफलमा कुन कृषि उपज कति फल्छ भनेर तुलना गर्ने हो भने साग अत्यन्तै फाइदाजनक खेती भएको बताएका छन्। “उत्पादनका हिसाबले श्रम, बजार मूल्य सबै हिसाबले साग फाइदाजनक छ। सबै किसानको साग किनिदिने अवस्था छैन, क्रमशः त्यो स्थितिमा हामी पुग्छौँ,” उनले भने।

पालिकाले १२ प्रकारका उत्पादनलाई सुकाएर बजारमा ल्याउने तयारी गरेको छ।

“एक वडा एक सहकारीमार्फत यसको व्यवस्थापन हुन्छ। प्रोडक्सन ग्रुप सहकारी सदस्य हुनेछ। सदस्यले उत्पादन गरेका कुरा सहकारीले किनिदिने छ र त्यो प्लान्ड सरकारले बनाएर सहकारीलाई ह्यान्डओभर गर्नेछ र त्यहाँ चै उत्पादित वस्तुको प्रशोधन गरेर बजारीकरण गरिन्छ,” उनले भने।

“बजारमा कपडा किन्न जाने मान्छे राम्रो गुणस्तरको कुन छ भनेर ब्रान्ड खोज्न सुरु भइसक्यो।

अब हरेक उपभोक्ताले हरेक उपभोगीय सामानको ब्रान्ड खोज्ने बेला आएको छ। हामीले खानेकुरा पनि ब्रान्डको हुन जरुरी छ। खानेकुरालाई ब्रान्ड बनाएर बिक्री गर्न सकेनौँ भने हाम्रा सबै किसान एक दिन पलायन हुन्छन्,” अध्यक्ष स्याङबोले भने।

# लक्ष्यको ६७ प्रतिशत राजस्व सङ्कलन

टुडे समाचारदाता

चितवन। आन्तरिक राजस्व कार्यालय भरतपुरले चालु आर्थिक वर्षमा लक्ष्यको ६७ दशमलव दुई प्रतिशत राजस्व सङ्कलन गरेको छ।

राजस्व विभागले छ महिनाका लागि रू १३ अर्ब छ करोड १४ लाख ६० हजार लक्ष्य तोकेकामा पुस मसान्तसम्म रू आठ अर्ब ७८ करोड ९३ लाख ७६ हजार सङ्कलन भएको जनाएको छ।

गत आवको यही अवधिमा रू आठ अर्ब ७८ करोड ५१ लाख ९३ हजारअर्थात् लक्ष्यको ७५ प्रतिशत राजस्व सङ्कलन भएको थियो।

सो वर्ष छ महिनाका लागि रू ११ अर्ब ६५ करोड ८० लाख ९८ हजार लक्ष्य विभागले तोकेको थियो।

कार्यालयका प्रमुख निरन भट्टराईका अनुसार छ महिनामा आयकरतर्फ रू एक अर्ब २० करोड ९२ लाख एक हजार, अन्तःशुल्कतर्फ रू छ अर्ब ६५ करोड २६ लाख ५४ हजार राजस्व सङ्कलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ रू ८४ करोड सात लाख नौ हजार, ब्याज कर रू पाँच करोड ७८ लाख ९९ हजार, घरबाहल कर रू एक करोड ९५ लाख ८८ हजार र स्वास्थ्य सेवा कर रू ९३ लाख २५ हजार सङ्कलन भएको भट्टराईले जानकारी दिए। उनका अनुसार अन्तःशुल्क सङ्कलनमा अपेक्षाअनुसार




हुन नसक्दा लक्ष्यअनुसारको राजस्व सङ्कलन हुन नसकेको हो।

अन्तःशुल्क राजस्व सङ्कलनमा उत्पादन र निकासी कम हुँदा समस्या आएको उनको भनाइ छ।

आर्थिकमन्दीका कारण क्रयशक्ति कम हुँदा समग्र राजस्व सङ्कलनमा कमी देखिएको हो।

भट्टराईले भने, “अनुत्पादक क्षेत्रमा लगानी बढी हुँदा राजस्व सङ्कलनमा कमी आएको अनुमान गरिएको छ।”

युवा जनशक्ति रोजगारीको सिलसिलामा विदेश पलायन हुनुले समेत राजस्व सङ्कलनमा कमी भएको उनले बताए। कार्यालयमा ६३ हजारभन्दा बढी करदाता रहेका छन्।

# हात्ती धपाउन साइरन

टुडे समाचारदाता

झापा। दैनिकजसो गाउँ पसेर जङ्गली हात्तीले आतङ्क मच्चाउन थालेपछि शिवसताक्षी नगरपालिका-८ ले सो क्षेत्रका बासिन्दालाई हात्ती धपाउनका लागि साइरन वितरण गरेको छ।

जङ्गली हात्तीले दैनिक गाउँ पसेर घर भत्काउने, अन्नबाली नष्ट गर्ने र मान्छेलाई आक्रमण गर्न थालेपछि वडाले हात्ती धपाउन साइरन वितरण गरेको हो।

वडाध्यक्ष सन्त फेउदिनले राजमार्गको उत्तरतर्फबाट रतुवामाई वृक्षरोपण आयोजना हुँदै झिलझिले, डुँडामारी र धरमपुर चोकबाट गाउँ पसेर हात्तीले स्थानीयवासीको घर भत्काउने तथा अन्नबाली नष्ट गर्न थालेपछि बिहीबार १० थान साइरन वितरण गरिएको जानकारी दिए।

# संस्थागतरुपमै वन अतिक्रमण

टुडे समाचारदाता

नारायणगढ। जिल्लामा वन क्षेत्र अतिक्रमण संस्थागतरुपमा बढी हुने गरेको पाइएको छ।

डिभिजन वन कार्यालय चितवनअन्तर्गत रहेको ५७ हजार छ सय ५० हेक्टर क्षेत्रफलमध्ये एक हजार ६८७ दशमलव ८३ हेक्टर क्षेत्रफल वन अतिक्रमणमा परेको हो।

कार्यालयको तथ्याङ्कअनुसार ती क्षेत्रमा घर, मन्दिर, चर्च, विद्यालय लगायतका संरचना बनेका छन्। अतिक्रमित वन क्षेत्रमा ३८ वटा चर्च, ३० वटा मन्दिर, १७ वटा गुम्बा र २५ वटा विद्यालय रहेका छन्।

यस्तै पाँच हजार १२ अर्ध पक्की घर, एक हजार सात सय २४ कच्ची घर र ६४७ पक्की घर निर्माण भएको कार्यालयका सूचना अधिकारी बालकृष्ण खनालले जानकारी दिए।

> अर्ध पक्की घर छ सय ११, ६७ वटा पक्की घर, ३६ वटा कच्ची घर र दुई विद्यालय छन्। त्यसैगरी सबैभन्दा कम भरतपुर क्षेत्रमा अतिक्रमण भएको कार्यालयका सूचना अधिकारी खनालले बताए।

उनका अनुसार वन अतिक्रमण सबैभन्दा बढी कालिका सव डिभिजन वन कार्यालयको क्षेत्रमा भएको छ। सो क्षेत्रमा ३९९ दशमलव १६ हेक्टर क्षेत्रफल जमिन अतिक्रमण भएको हो।

जहाँ अर्ध पक्की घर छ सय ११, ६७ वटा पक्की घर, ३६ वटा कच्ची घर र दुई विद्यालय छन्। त्यसैगरी सबैभन्दा कम भरतपुर क्षेत्रमा अतिक्रमण भएको कार्यालयका सूचना अधिकारी खनालले बताए।

सवडिभिजन वन कार्यालय भरतपुरअन्तर्गत ५६ दशमलव ६८ हेक्टर क्षेत्रफल अतिक्रमित भएको छ। सो क्षेत्रमा अर्ध पक्की घर एक हजार एक सय ५१, पक्की घर एक सय ५० कच्ची घर एक सय आठ वटा निर्माण भएका छन्।

यस्तै दुईवटा मन्दिर, एउटा गुम्बा, दुईवटा विद्यालय निर्माण भएको तथ्याङ्कलाई उल्लेख गर्दै खनालले जानकारी दिए। जसमध्ये देवघाट क्षेत्रको धार्मिक वन १७ दशमलव ७९ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको हो।

राष्ट्रियसभा सदस्य निर्वाचन

# सत्तागठबन्धन भित्रको असन्तुष्टिलाई ‘क्यास’ गर्ने एमालेको दाउ

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रियसभा सदस्य निर्वाचनमा सत्तागठबन्धन भित्र देखिएको तिक्ततालाई खेलाएर मत तान्ने दाउमा देखिएको छ ।

राष्ट्रियसभासदस्यनिर्वाचनमा जनमतले गठबन्धनलाई चुनौती दिदैं गठबन्धनविरुद्धमा एक पदमा उम्मेदवार दिएपछि सत्ता गठबन्धनभित्रको असन्तुष्टिलाई ‘ क्यास’ गर्दै मत तान्ने दाउमा लागेका एमालेले मधेश प्रदेशमा विशेष केन्द्रित भएको छ ।

समेत असन्तुष्टि देखिएकाले उनीहरुसंग मत तान्नका लागि योजनावद्ध कामहरु भइरहेको छ भने जनमत, स्वतन्त्र सांसद र जनप्रतिनिधिहरुसंगसमेत आन्तरिक कुराकानी भइरहेको छ ।

एमालेले राष्ट्रिय सभाको रिक्त १९ वटै सिटमा उम्मेदवारी दिएको छ । एमालेले मधेश प्रदेशमा विशेष ध्यान केन्द्रित गर्दै आन्तरिकरुपमा आफ्नो कुनै एक उम्मेदवारलाई जिताउने भरपुर प्रयासमा लागिपरेका छन् ।

नभएको बताउँछन् । उनले सत्तागठबन्धनको उम्मेदवारको जीत सुनिश्चित रहेकाले अन्य दलले भ्रम छर्नु स्वाभाविक रहेको बताए ।

मधेश प्रदेशमा एमालेबाट अन्य समूहबाट विजेता कुमारी झा र महिलातर्फ पर्साकी उषा चौधरी उम्मेदवार छन् । सत्तागठबन्धनको तर्फबाट अन्य समूहमा कांग्रेसका आनन्दप्रसाद ढुङ्गाना र महिलातर्फ रौतहटका पूजा चौधरी उम्मेदवार छन् ।

मधेशमा सत्तागठबन्धन र एमालेका उम्मेदवारसँग प्रतिस्पर्धा हुनेछ । एमालेका तर्फबाट एमालेका सचिव योगेश भट्टराई, सचिव रघुवीर महासेठले समेत चासो राख्दै मधेश प्रदेशमा पार्टीको जनाधार बढ्दै गएको विश्लेषण गरेका छन् ।

२०७९ वैशाखको स्थानीय र मंसिरको प्रतिनिधि सभा र प्रदेश सभाको चुनावमा विगतको विरासत फर्काएको एमालेको विश्लेषण छ । राष्ट्रिय सभाको निर्वाचनका मतदाता स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख र प्रदेश सांसद भएकोले मधेशले नतिजा आफ्नो पक्षमा पार्नसक्ने एमालेको आकलन छ ।

मधेशमा १०७ प्रदेशसभा सदस्य र १३६ स्थानीय तह मध्ये २६७ स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षसहित कुल मतदाता ३७९ छन् । जसको कुल मतभार १० हजार ७४४ छ ।

एमालेको मधेशमा २ हजार ३ सय २ मतभार छ । त्यस्तै, जसपा, कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, लोसपासहितको सत्तागठबन्धन दलसंग ७ हजार १ मतभार रहेको छ ।

सत्ता गठबन्धनकै एक घटक जनमतले छुट्टै उम्मेदवार उठाएकाले एमालेले यसबाट लाभ लिनसक्ने दावी गर्दै आएका छन् । मधेशमा जनमतको मतभार ७ सय ४३ रहेको छ । जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता महेशप्रसाद यादवले गठबन्धनको महिला समूहतर्फको उम्मेदवारलाई मतदान गर्ने बताएका छन् ।

सत्तागठबन्धनको विरुद्धमा दई वटा प्रदेशमा एक-एक पदमा उम्मेदवार खडा गरेपछि जनमतलाई पनि गठबन्धनबाट अघोषितरुपमा प्रचारप्रसार सामग्रीलगायतबाट हटाइएको छ ।

जनमतको स्थानमा राष्ट्रिय जनमोर्चालाई राखेर सातै प्रदेशमा सत्तागठबन्धनले आफ्नो उम्मेदवार हरुको प्रचारप्रसारमा जुटेका छन् ।

सत्तागठबन्धनमा मधेश प्रदेशमा बढी असन्तुष्टि देखेपछि एमालेले गुपचुपरुपमा जनमतका नेताहरुसंगसमेत कुराकानी गरिरहेका छन् । भने नेकपा माओवादी केन्द्रदेखि स्वतन्त्र प्रदेश सांसद र केही जनप्रतिनिधिलाई फकाउने भरपुर प्रयासमा लागेका छन् ।

एमालेका एक केन्द्रीय सदस्यले दिएको जानकारी अनुसार कांग्रेसका उम्मेदवार आनन्दप्रसाद ढुंगानालाई लिएर माओवादीमा

सत्ता गठबन्धनका दलले सबै सिट जित्ने मतभार देखिए पनि मधेश प्रदेशमा अप्रत्याशित नतिजा ल्याउन सकिने एमालेको दाबी छ ।

तर मधेश प्रदेशमा समेत सत्तागठबन्धनको मतभार तलमाथि हुने सम्भावना नभएको दाबी गर्दै आएका छन् । कांग्रेसका केन्द्रीय सदस्य आनन्दप्रसाद ढुंगानाले प्रतिनिधिसभा सदस्यको निर्वाचनको क्रममा माओवादीका उपमहासचिव मातृकाप्रसाद यादवलाई हराउनमा मुख्य भूमिका निर्वाह गरेको आरोप रहेकाले कांग्रेसबाट असन्तुष्ट रहेका माओवादीका जनप्रतिनिधि तथा प्रदेश सांसदको मत तान्ने योजना रहेको एमालेको विश्लेषण छ ।

तर माओवादीका नेता यादवले भने सत्तागठबन्धनबाहेकका उम्मेदवारको बारेमा हामीलाई कुनै किसिमको जानकारी

## पुन जनकपुरधाम आउने

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रियसभा सदस्य निर्वाचनको प्रचारप्रसारका लागि नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन जनकपुरधाम आउने भएका छन् ।

निर्वाचनमा सत्तागठबन्धनका उम्मेदवारलाई मत माग्नका लागि माघ ७ गते आइतबार पूर्वमन्त्रीसमेत रहेका नेता वर्षमान पुन जनकपुरधाम आउन लागेको माओवादी केन्द्र धनुषाका ईन्चार्ज अजयशंकर नायकले जानकारी दिए ।

महेन्द्रनारायण निधि संस्कृत केन्द्रको सभाहलमा सत्तागठबन्धनको सभा हुनेछ । सो सभामा गठबन्धनका प्रदेश सांसद, जनप्रतिनिधिलगायतकाहरु सहभागी हुने उनले बताए ।

गठबन्धनको तर्फबाट अन्य समूहमा कांग्रेसका आनन्दप्रसाद ढुङ्गाना र जसपाको तर्फबाट महिला समूहमा पूजा चौधरी उम्मेदवार छन् ।

# विदाका दिन पनि धर्ना जारी

**टुडे समाचारदाता**

राजविराज । जनहित एवं आफ्ना अधिकार सहितका विभिन्न ७ बुंदे माग राखी आन्दोलनरत राजविराज नगरपालिकाका वडा सदस्यहरुले दोस्रो दिन पनि धर्नालाई निरन्तरता दिएका छन् ।

बलिदानी दिवसको अवसर पारेर मधेश प्रदेश सरकारले सार्वजनिक विदा दिँदा कार्यालयहरु बन्द रहँदा पनि आन्दोलनरत वडा सदस्यहरुले नगरपालिकाको कार्यालय प्रवेशद्वारमा बसी धर्ना कार्यक्रमलाई निरन्तरता दिएका छन् ।

कार्यालय विदा भए पनि पूर्व घोषित कार्यक्रम अनुसार धर्ना कार्यक्रमलाई निरन्तरता दिएको वडा सदस्य एवं संघर्ष समितिका संयोजक रामानन्द देवले बताए ।

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्रमा वर्षौंदेखि घर तथा खाली जग्गामा वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवारले हाल सम्म लालपुर्जा प्राप्त गर्न सकेका छैनन् । बाउबाजेको पालादेखि रहेको आफ्नो जग्गाको लालपुर्जा नहुँदा समस्यामा पर्दा बिक्री गर्न तथा बैंकमा राखेर ऋण लिन नसकेका उनीहरुको समस्या अविलम्ब समाधान गर्नु पर्ने संघर्ष समितिको पहिलो माग छ ।

यस्तै नगरपालिकाबाट प्रदान गरिने सेवा चुस्त दुरुस्त बनाउनु पर्ने, नगर सभाबाट पारित योजनाहरु अविलम्ब कार्यान्वयनमा ल्याउनु पर्ने, नगर क्षेत्रमा सिसी क्यामरा जडान गर्नु पर्ने, छाडा पशुचौपाया नियन्त्रण गर्नु पर्ने, सुरक्षा तथा नगरका अन्य समस्या व्यवस्थापनका लागि नगर प्रहरी भर्ना गर्नु पर्ने लगायतका ७ बुंदे माग राखी चरणबद्ध आन्दोलन थालिएको संघर्ष समितिका संयोजक देवले बताए ।

दोस्रो दिनको कार्यक्रममा ऐक्यवद्धता जनाउँदै धर्नामा वसेका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका केन्द्रीय सदस्य



दीपेन्द्र चौधरीले नगरको जल्दो बल्दो र यर्थात समस्या समाधानका लागि वडा सदस्यहरुले थालेको आन्दोलनमा आफूहरुको पूर्ण समर्थन रहेको बताए ।

उनले नगरको बिटौरी जग्गादेखि सरसफाई, फोहर मैला व्यवस्थापन, नगरपालिकाबाट प्रवाह हुने सेवा तथा वडा सदस्यहरुको अधिकार कटौती लगायतका सवै विषय उठान जायज रहेकाले अविलम्ब पूरा गर्न नगरपालिकाका जिम्मेवार अधिकारीको पहल र ध्यान जानु जरुरी रहेको बताए ।


**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५


# नमन, मधेश आन्दोलनका शहीदहरु

ब्लग :



श्यामसुन्दर शशि



माघ ५ अर्थात् मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोले शहादत प्राप्त गरेको दिन । २०६३ साल माघ ५ गते एक माओवादीका अंगरक्षकले चलाएको गोली लागेर महतोको मृत्यु भएको थियो । रमेशको शहादतले आफ्नो मातृभूमि, पहिचान, समानताको अधिकार प्राप्तिका लागि ज्यानसम्म उत्सर्ग गर्ने फौज तयार गरेको दियो । यहि हौसलाले हौसिएर मेची देखि महाकाली सम्मका अनेकौं वीरहरु आफ्नो ज्यानको आहूति दिएका थिए । रमेश महतोको शहादतले सिंगै मधेशलाई एकतावद्ध बनायो । यसै एकवद्धतारुपी मानवश्रृंखलाको कारण मुलुकमा संघीयताको जयघोष भयो । आज हामी संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा छौं । संविधानमा कमी कमजोरी छ । यसलाई सच्च्याउनु पर्छ भन्ने विषयमा दुई मत हुनै सक्दैन । तर संविधान संशोधन होइन, पुनःलेखन गर्नुपर्छ भन्दै आन्दोलनको उद्घोष गरेका अगुवाहरु अचेल कहाँ र कुन हैसियतमा छन् ? मातृभूमि, मातृपहिचान र समानताको अधिकार प्राप्तिको लडाईमा ज्यान गुमाउने अमर शहीदहरु रमेश महतो, निकु यादव, दिलीप यादव र संजय चौधरीका परिवारहरु कहाँ र कुन अवस्थामा छन ? आज १७ हौं बलिदानी दिवस मनाइ रहँदा यी प्रश्न हामी सबैको मन मुटुमा छ ।

दोस्रो जनआन्दोलनको सफलतापछि २०६३ माघ १ गते अन्तरिम संविधान जारी भएको थियो । संघीयता बिनाको यस संविधानप्रति विमति जनाउँदै उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम नेपालका कार्यकर्ताहरूले माघ २ गते राजधानीस्थित माइतीघर मण्डेलामा अन्तरिम संविधानको प्रति जलाएका थिए । प्रहरीले अध्यक्ष उपेन्द्र यादवसहितका नेताहरूलाई पक्राउ गऱ्यो । उनीहरूमाथि सार्वजनिक अपराध मुद्दा दायर गर्ने तयारी गर्दै गर्दा सिंगै तराई मधेशमा आन्दोलन चर्किएको थियो । माघ ३ मा तराई-मधेश बन्दको घोषणा गरियो । पूर्व-पश्चिम राजमार्ग अवरुद्ध रहेकै बेला माघ ५ मा सिरहाको लहानमा माओवादीका नेताका अंगरक्षकले चलाएको गोली लागेर स्थानीय विद्यार्थी रमेश महतोले शहादत प्राप्त गरेका थिए । झण्डै २४ दिनसम्म चलेको पहिलो मधेश विद्रोहको क्रममा दुई दर्जनभन्दा बढीले शहादत प्राप्त गरेका थिए । दोश्रो र तेश्रो मधेश विद्रोहको क्रममा महन्थ ठाकुर, श्रीकृष्ण यादव, गणेश नेपालीहरु पनि मधेशी कित्तामा आइसकेका थिए । पछिल्ला मधेश विद्रोहमा पनि दर्जनौंले शहादत दिए ।

दुई दर्जनको शहादत पश्चात् भएको पहिलो संविधानसभाको चुनावका सिंहदरबार र संविधानसभाको स्वरुप परिवर्तन भयो । मधेश केन्द्रित दलहरुबाट मात्र होइन अरु अरु दलहरुबाट पनि मधेशी नेताहरु चुनाव जितेर संविधानसभा पुगे । मधेशी दलहरु‘किङ्ग मेकर’ को हैसियतमा थिए । आफ्नो पक्षमा संविधान लेख्ने-लेखाउने ल्याकतमा थिए तर सत्ताको मातमा मधेशी दलका नेताहरु मातिए । जनताले तीनवटा दललाई संविधानसभामा पुऱ्याएका थिए । संविधानसभा अन्त्य हुने वेलासम्म मधेशी दलको संख्या २० पुगेको थियो । सरकारमा जाने मधेशी नेताहरूको चस्काले दल र मधेशी जनताबीचको दूरी क्रमिक रूपमा बढ्दै गयो । अझ सबैभन्दा दुःखद त के रहयो भने सरकारमा जानकै लागि मधेशी दलका नेताहरूले अन्य पार्टीहरूसँग बुँदै-बुँदाको सम्झौता गर्दै हिंडे । उधारोमा गरिएका यी सम्झौताहरुले नेताहरुलाई मन्त्री त बनायो तर ती सम्झौताहरु कहिल्यै कार्यान्वयन भएनन् ।

दोस्रो संविधानसभाको निर्वाचनले मधेशी दल तथा नेताहरुलाई दण्डित गऱ्यो । संविधान सभामा मधेशी दलको प्रतिनिधित्व पहिलोको तुलनामा आधा भन्दा पनि कम भयो । मधेशी प्रतिनिधित्व न्यून रहेको वेला संविधान जारी भएको थियो । माथि दोश्रो संविधान सभाबाट संविधान जारी भइरहेको बेला तलको तराई मधेश भने आन्दोलनमा थियो । दोश्रो र तेश्रो मधेश विद्रोहको क्रममा पनि दर्जनौं आन्दोलनकारीले शहादत दिए । शहादत पछिको आम निर्वाचनमा मधेशवादी दलहरुको पुनः दह्रो उपस्थिति देखियो ।

यसरी के देखिएको छ भन्ने मधेशवादी दलको भोटको मुख्य आधार आन्दोलन र शहादत हो । राजनीतिक दर्शन, इमानदारिता तथा आम नागरिकको लागि सेवा प्रवाह होइन । शहीद परिवारहरु बिचल्लीमा छन् । मूल प्रवाहका पार्टीहरु जस्तै मधेशवादी दलहरुमा पनि नेताहरुको सखा सम्बन्धी, आसेपासे तथा पैसावालाहरुको हालीमुहाली छ । मधेश प्रदेशलाई त जातिवाद नामक अर्को रोगले पनि ग्रसित गर्न थालेको छ । अचेल स्वर्गबाट दिलीप यादवहरु सोध्दै होलान् - ६ वर्ष बितिसक्दा पनि खोइ प्रदेशको कामकाजको भाषा ? मधेश सरकारमा खोइ दलितको समानुपातिक प्रतिनिधित्व ? खोइ महिलाको प्रतिनिधित्व ? शहीद परिवारलाई गच्छे अनुसारको खोइ ५० लाख ?

कमी कमजोरी जहाँबाट भएपनि मधेश विद्रोहले मुलुकमा संघीयता, धर्मनिरपेक्षता, समानुपातिक-समावेशी प्रतिनिधित्व आदिको ग्यारेन्टी गरेको छ । संविधानमा लेखिएका यी उपलब्धिहरु अमर शहीदहरुको रगतले हो । अतः बलिदानी दिवसको अवसरमा अमर शहीदहरुलाई हार्दिक नमन ।



# मधेशी शहीदको सपना साकार हुँदै : पूर्व मेयर साह

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उप-महानगरपालिकाका पूर्व मेयर तथा जनता समाजवादी पार्टी (जसपा)का राजनीति समिति सदस्य लाल किशोर साहले मधेशी शहीदको सपना साकार हुने समय आएको बताएका छन् ।

मधेशमा भएको पटक पटकका आन्दोलनको जगमा संघीयता स्थापना भएको बताउँदै पूर्व मेयर साहले मधेश आन्दोलनको केन्द्र स्थल रमेश चोकमा अन्य कसैको शालिक निर्माण गरिए वा नाम परिवर्तन गर्ने प्रयास गरिएमा ठूलो नोक्सानी बेहोर्नुपर्ने चेतावनी दिए ।

मधेश आन्दोलनको जगमा आएकै संघीयताका कारण यहाँ प्रदेश सरकार र स्थानीय सरकारहरु गठन भएकाले जनकपुरधाम उप-महानरपालिकाले शहीद गेट निर्माण गरेको बताए । रमेश चोकमा राम जानकीको प्रतिमा र तल रमेश महतोका शालिक निर्माण गर्ने लगायतका योजना तत्कालीन समयमा बनाइको स्मरण गराएका थिए ।

कार्यक्रमलाई सम्वोधन गर्दै पूर्व आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवले रमेश महतो चोकको नाम परिवर्तन र अन्य कसैको शालिक बनाउने चेष्टा गर्दा उसले भविश्यमा आउन सक्ने नोक्सानी बेहोर्नकालागि तयार रहनुपर्ने चेतावनी दिए । मधेशी संग खेलवाड गर्दा गर्दै मधेशी शहीद संग समेत खेलवाड गर्न लाग्दा धैरै दुःख लागेको बताएका थिए । कार्यक्रममा विभिन्न संगठनका युवा तथा विद्यार्थी नेताहरुले सम्वोधन गरेका थिए ।

# ‘मधेश र मधेशीसंग विभेद कायमै’

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उपाध्यक्ष जितेन्द्र सोनलले अझै पनि मधेश र मधेशीसंग विभेद कायमै बताएका छन् ।

जनकपुरधाममा लोसपा नेपाल धनुषाले शुक्रबार आयोजना गरेको १७ औं बलिदानी दिवसको अवसरमा बोल्दै पूर्वमन्त्री सोनलले मधेश प्रदेशमा शान्ति सुरक्षाको अति आवश्यक रहेकाले मधेश सरकारलाई आफ्नो प्रहरी प्रशासन अपरिहार्य रहेको बताए ।

उनले मधेशमा बढ्दो आपराधिक क्रियाकलाप रोक्नका लागि संघीय सरकार असफल भएको बताउँदै तत्काल प्रदेश सरकारलाई आफ्नो प्रहरी-प्रशासन जरुरी रहेको बताए ।

उनले तत्काल संघीय सरकारले प्रदेश सरकारलाई प्रहरी समायोजन गरी आफ्नो प्रदेशमा शान्ति सुरक्षा कायम गर्ने अधिकार




दिनुपर्ने बताए । उनले आन्दोलन र संघर्षकै कारण ८ वटा जिल्लालाई भए पनि मधेश प्रदेश नामकरण गर्न सकेको बताउँदै नेता सोनलले अदालत, नेपाली सेनालगायत राज्यको विभिन्न निकायमा अझै पनि मधेशीलाई विभेद गर्ने काम गरिरहेको बताए ।


**सेवाग्राहीमा हार्दिक अनुरोध**

मधेश प्रदेशका नागरिकहरुका सुविधालाई दृष्टिगत गरी मधेश प्रदेश सरकारले प्रदेशका सबै जिल्लाहरुमा यातायात कार्यालयको स्थापना गरिएको छ । सवारी साधन तथा यातायात सम्बन्धि सम्पूर्ण सेवाहरु सबै कार्यालयहरुबाट प्रवाह भईरहेकाले नजिकको पायकपर्ने कार्यालयहरुबाट सेवा लिन आग्रह गर्दछौं ।

सेवा प्रवाहको क्रममा ढिलासुस्ती वा कुनै गुनासो भए मधेश प्रदेश सरकार, श्रम तथा यातायात मंत्रालयमा सर्म्पक गर्नु हुन अनुरोध छ ।

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, नेपाल



**मोबाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक-पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मष्तिक विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरुको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोबाइलको काम प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८